# प्रभाव दैनिक
National Daily

वर्ष ९ अंक ६ काठमाडौं शुक्रबार, १६ वैशाख २०७९ Prabhab National Daily, Friday, April 29 , 2022 URLwww.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-


तथ्यांक विभागको प्रक्षेपण-

## आर्थिक वृद्धि ५.८४ प्रतिशत

■ प्रभाव संवाददाता

**काठमाडौं–** केन्द्रीय तथ्याङ्क विभागले चालु आर्थिक वर्षको आर्थिक वृद्धिदर ५.८४ प्रतिशत हुने जनाएको छ। विभागले बिहीबार चालु आव २०७८/७९ को राष्ट्रिय लेखा तथ्यांक सार्वजनिक गर्दै उक्त ५.८४ प्रतिशतको आर्थिक वृद्धि हुने जानकारी दिएको हो। यो सरकारले चालु आवको बजेटमा राखेको लक्ष्यभन्दा न्यून हो। चालु बजेटमा सात प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य राखिको छ।

यद्यपि, विश्व बैंक, एसियाली विकास बैंक र आइएफएफजस्ता संस्थाले नेपालको कूल आर्थिक वृद्धिदर न्यून हुने प्रक्षेपण गरिरहेको बेला विभागले आशातीत तस्बिर सार्वजनिक गरेको हो। यी तीन निकायले नेपालको आर्थिक वृद्धिदर यो वर्ष तीन प्रतिशतको हाराहारीमा सीमित हुने प्रक्षेपण गरेका थिए।

गत आव २०७७/७८ मा नेपालको आर्थिक वृद्धिदर ४.३ प्रतिशत कायम भएको थियो। त्यसअघिको वर्ष आव २०७६/७७ मा भने मुलुकको आर्थिक वृद्धि २.४ प्रतिशतले ऋणात्मक बनेको थियो।

विभागले वृद्धिदरका विभिन्न आयाम प्रस्तुत गरेको छ। त्यसमा कूल गार्हस्थ उत्पादन वृद्धिदर उपभोक्ता मूल्यमा ५.८४ प्रतिशत रहने उल्लेख छ। यस्तै आधारभूत मूल्यमा ५.४९ प्रतिशत र कूल उत्पादन आधारभूत मूल्यमा भने ७३ खर्ब ५६ अर्ब ६१ करोड रूपैयाँ बराबर रहेको छ। यस्तै कूल मध्यवर्ती उपभोग उपभोक्ता मूल्यमा ३२ खर्ब ५१ अर्ब छ करोड रूपैयाँ बराबर छ।

### अर्थतन्त्रको आकार ४१ खर्ब

विभागका अनुसार मुलुकको अर्थतन्त्रको आकार ४१ खर्ब रूपैयाँ बराबर पुगेको छ। चालु मूल्यअनुसार कूल गार्हस्थ उत्पादन (जिडिपी) आधार मूल्यमा ४१ खर्ब पाँच अर्ब ५४ करोड रूपैयाँ बराबर पुगेको हो। यस्तै उत्पादन उपभोक्ता मूल्यमा ४८ खर्ब ५१ अर्ब ६३ करोड रूपैयाँ बराबर पुगेको विभागले जनाएको छ।

विभागका अनुसार चालु मूल्यमा कूल स्थिर पुँजी निर्माण १४ खर्ब २५ अर्ब आठ करोड रूपैयाँ बराबर छ। चालु मूल्यमा अन्तिम उपभोग खर्च ४४ खर्ब एक अर्ब ६७ करोड रूपैयाँ बराबर छ। चालु मूल्यमा वस्तु तथा सेवा निर्यात तीन अर्ब २० अर्ब ७१ करोड रूपैयाँ बराबर छ।

**प्रमुख आर्थिक सूचकहरू**

कूल गार्हस्थ उत्पादन वृद्धिदर
- उपभोक्ता मूल्यमा ५.८४ प्रतिशत
- आधारभूत मूल्यमा ५.४९ प्रतिशत

कूल गार्हस्थ उत्पादन
- आधारभूत मूल्यमा ४१ खर्ब ५ अर्ब ५४ करोड
- उपभोक्ता मूल्यमा ४८ खर्ब ५१ अर्ब ६३ करोड
- कूल उत्पादन आधारभूत मूल्यमा ७३ खर्ब ५६ अर्ब ६१ करोड
- कूल मध्यवर्ती उपभोग उपभोक्ताको मूल्यमा ३२ खर्ब ५१ अर्ब
- चालु मूल्यमा कूल स्थिर पुँजी निर्माण १४ खर्ब २५ अर्ब आठ करोड
- चालु मूल्यमा अन्तिम उपभोग खर्च ४४ खर्ब एक अर्ब ६७ करोड
- चालु मूल्यमा वस्तु तथा सेवा निर्यात ३ खर्ब २० अर्ब ७१ करोड
- चालु मूल्यमा वस्तु तथा सेवा आयात १८ खर्ब २० अर्ब ८२ करोड
- चालु मूल्यमा कूल राष्ट्रिय बचत कुल गार्हस्थ उत्पादनको ३१.९५ प्रतिशत
- विप्रेषण नौ खर्ब ६१ अर्ब सात करोड (कूल गार्हस्थ उत्पादनको १९.८१ प्रतिशत)
- प्रतिव्यक्ति कूल गार्हस्थ उत्पादन १,६४,५९८ रूपैयाँ (१,३७२ अमेरिकी डलर)
- प्रतिव्यक्ति कूल राष्ट्रिय उत्पादन १,६५,६४९ रूपैयाँ (१,३८१ अमेरिकी डलर)

यस्तै वस्तु तथा सेवा आयात १८ खर्ब २० अर्ब ८२ करोड रूपैयाँ, चालु मूल्यमा कूल राष्ट्रिय बचत कूल गार्हस्थ उतपादनको ३१.९५ प्रतिशत बराबर छ। कूल ग्रर्हस्थ उत्पादनको १९.८१ प्रतिशत बराबरको विप्रेषण आय भएको विभागको ठहर छ। नौ खर्ब ६१ अर्ब सात करोड रूपैयाँ बराबरको विप्रेषण चालु आवको अन्त्यसम्म आप्रवाह हुने यसबाट देखिन्छ।

प्रतिव्यक्ति कूल गार्हस्थ उत्पादन एक लाख ६४ हजार ५९८ रूपैयाँ बराबर पुगेको छ। त्यो भनेको अमेरिकी डलरमा एक हजार ३७२ बराबर हो। त्यस्तै प्रतिव्यक्ति कूल राष्ट्रिय उत्पादन एक लाख ६५ हजार ६४९ रूपैयाँ बराबर पुगेको छ। त्यो भनेको अमेरिकी डलरमा एक हजार ३८१ बराबर हो।

विगत ६० वर्षदेखि लगातार राष्ट्रिय लेखामान सार्वजनिक गर्दै (बाँकी पृष्ठ २ मा)

# भरतपुर : गठबन्धनको इपिसेन्टर



■ चितवन जिल्लाका साथीहरूको मान मर्यादा, प्रतिष्ठा र उहाँहरूको भविष्यका लागि उम्मेदवार बनेको हुँ। फिर्ता लिने विषय मैले मात्र निर्णय गर्न मिल्ने विषय हैन।

**जगन्नाथ पौडेल**

■ पौडेलजी पार्टीको प्रतिबद्ध कार्यकर्ता हो। पार्टीको निर्णयलाई मान्नुहुन्छ भन्ने विश्वास छ। विशेष अवस्थामा गठबन्धन बनेको भएकाले यसलाई जोगाउन आवश्यक छ।

**बालकृष्ण खाण**

■ प्रभाव संवाददाता

**काठमाडौं–** आसन्न स्थानीय तह निर्वाचनका लागि उम्मेदवारी दर्ता गराएका उम्मेदवारले उम्मेदवारी फिर्ता लिने समय आज साँझ ५ बजेसम्म छ। निर्वाचन आयोगले बिहान १० बजेदेखि बेलुका ५ बजेसम्म उम्मेदवारी फिर्ताको समय निर्धारण गरेको छ।

जति-जति उम्मेदवारी फिर्ताको समय नजिकिँदै छ उति सत्ता गठबन्धनमा बेचैनी बढेको छ। बागी र स्वतन्त्र उम्मेदवारीबाट डराएको सत्ता गठबन्धन उम्मेदवारी फिर्ताको अन्तिम प्रयासमा जुटिरहेको छ। बुधबार बसेको सत्ता गठबन्धनको बैठकले सात बुँदे निर्देशन जारी गरेको भोलिपल्ट नेपाली कांग्रेसका सभापतिसमेत रहेका प्रधानमन्त्री शेरबहादुर देउवाले बागी र स्वतन्त्र उम्मेदवारी फिर्ता लिन आफ्ना कार्यकर्ताका नाममा अपिल जारी गरे।

'आधिकारिक उम्मेदवारका विरूद्ध स्वतन्त्र उम्मेदवारी दर्ता गराउनुभएका पार्टीका साथीहरूले देश, लोकतन्त्र र पार्टीको हितमा मुलुकको वर्तमान अवस्था र भावी परिस्थितिको समेत आंकलन गरी आ-आफूले दर्ता गराउनुभएको स्वतन्त्र उम्मेदवारी निर्वाचन आयोगले तोकेको समय (२०७९ वैशाख १६ गते बेलुकी ५:०० बजेभित्र) सम्बन्धित तहको निर्वाचन अधिकृतको कार्यालयमा गई फिर्ता लिइदिनुहुन अपिल गर्दछु,' देउवाले भनेका छन्।

**भरतपुरमा गठबन्धनका उम्मेदवार रेणुले जिते वर्तमान गठबन्धन कायम रहने र नजिते गठबन्धन भत्किने जोखिम छ। वर्तमान गठबन्धन भत्किए आफ्नो सत्ता धरापमा पर्ने बुझेका देउवाले भरतपुर माओवादीलाई दिने 'निर्मम निर्णय' गर्न पुगे। र, यो निर्णयलाई कार्यान्वयनमा लैजान पनि अनेक प्रयास गरिरहेका छन्।**

हुन पनि देशभर सबैभन्दा धेरै कांग्रेसकै तर्फबाट बागी र स्वतन्त्र उम्मेदवारी परेको छ। जसका कारण गठबन्धन धर्मराउने र गठबन्धनका उम्मेदवार पराजित हुने नेताहरूलाई डर छ। यद्यपि, देउवाले पार्टीको निर्देशनविपरीत गए कारबाहीको डण्डा चलाउने संकेत गरिसकेका छन्। त्यसको सुरुआत उनले आफ्नै गृहजिल्ला डडेलधुराबाट गरेका छन्। पार्टीको निर्देशन र नीतिविपरीत गतिविधि गरेको भन्दै देउवाले डडेलधुरा कांग्रेसका निवर्तमान सभापति कर्णबहादुर मल्ललाई साधारण सदस्यसमेत नरहनेगरी निष्कासन गरेका छन्। कांग्रेसको कारबाहीपछि मल्लले सुदूरपश्चिम प्रदेशसभा सदस्यबाट समेत राजीनामा दिएका छन्।

देशका प्रायः पालिकामा बागी र स्वतन्त्र उम्मेदवारी परेको छ। एमालेको तुलनामा सत्ता गबठन्धन आबद्ध दलबाटै यस्ता उम्मेदवारी धेरै परेका छन्। अन्य स्थानीय तहको तुलनामा चितवनको भरतपुर महानगरपालिका भने चर्चाको केन्द्रमा छ। भरतपुर चर्चामा रहनुको प्रमुख कारण हो- त्यहाँको मेयरको उम्मेदवार माओवादी केन्द्रकी नेतृ रेणु दाहाल हुनु। अघिल्लोपटक पनि नेपाली कांग्रेससँग गठबन्धन गरेर बालबाल जितेकी उनलाई यसपालि पनि जित्नैपर्ने दबाब छ। तर, चितवन कांग्रेसमा देखिएको असन्तुष्टि र विद्रोहले उनको जितको यात्रा सहज हुने देखिँदैन।


छ वटा महानगरपालिकामध्ये भरतपुर मात्र माओवादीको भागमा पऱ्यो। आफ्नो भागमा परेको एउटा मात्र महानगर जसरी पनि जित्ने योजनामा छन्, माओवादी अध्यक्ष पुष्पकमल दाहाल। कारण, चितवन दाहालको निर्वाचन क्षेत्र मात्र होइन, भरतपुरको मेयरमा उठेकी रेणु उनकी आफ्नै छोरी पनि हुन्।

तर, गठबन्धनको निर्णयविपरीत कांग्रेसकै नेता जगन्नाथ पौडेलले स्वतन्त्र उम्मेदवारी हालेपछि भने दाहाल तनावमा छन्। भरतपुरको वातावरण सहज बनाउन उनले देउवालाई बारम्बार आग्रह गरिरहेका छन्। उम्मेदवारी फिर्ताको वातावरण बनाउन मंगलबार आफैं पनि चितवन पुगेका अध्यक्ष दाहाल असफल भएपछि देउवाले अन्तिम प्रयास थालेका छन्।

यही अन्तिम प्रयास अनुरूप गृहमन्त्री बालकृष्ण खाण र राज्यमन्त्री उमेशलाल श्रेष्ठ चितवन पुगेका (बाँकी पृष्ठ ३ मा)

**सन्दर्भ : वैदेशिक रोजगार**

## सर्बियामा श्रमिक पठाउन अनुमति



■ प्रभाव संवाददाता

**काठमाडौं–** अब युरोपेली मुलुक सर्बियामा पनि श्रमिक पठाउने पाउने भएको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सर्बियाका लागि वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न अनुमति दिएको हो। यससँगै म्यानपावर व्यवसायीले त्यहाँ श्रमिक पठाउने पाउने भएको छ।

मन्त्रालयले सोमबार राजपत्रमा सूचना प्रकाशित गरेर सरकारले सर्बियामा पनि वैदेशिक रोजगारीका लागि श्रमिक पठाउन अनुमति दिएको जानकारी दिएको छ। अहिलेसम्म सर्बियामा व्यक्तिगत रूपमा मात्रै नेपाली श्रमिक जाने गरेका थिए। सरकारले सर्बिया जानका लागि खुला गरेसँगै अब संस्थागत रूपमा पनि श्रमिक जान पाउने भएका हुन्।

सरकारले संस्थागत रूपमै श्रमिक पठाउन खुला गरेपछि अब अनुमति लिएर वैदेशिक रोजगारीमा पठाउने काम गर्दै आएका म्यानपावर कम्पनीहरूले सर्बिया रोजगारीमा श्रमिक पठाउन पाउने भएका हुन्। अहिलेसम्म सरकारले श्रमिक पठाउन खुला गरेको देशको संख्या ११० भन्दा बढी भएको बताइएको छ। सर्बिया उच्च मध्यम आय भएको दक्षिणपूर्वी युरोपको भूपरीवेष्ठित राष्ट्र हो।

सर्बियामा नेपाली श्रमिकले ग्यास, उद्योग, कृषि र सुरक्षा क्षेत्रमा व्यक्तिगत रूपमा रोजगारीमा जाने गरेका थिए। अब म्यानपावर कम्पनीहरूले डिमाण्ड ल्याएर श्रमिकलाई रोजगारीमा पठाउने सक्ने श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जनाएको छ। मन्त्रालयका अनुसार सरकारले सरकारीस्तरमा श्रम सम्झौताका लागिसमेत पहल भइरहेको छ। नेपाली कामदारका लागि सुरक्षित गन्तव्य बन्न सकोस् भन्ने उद्देश्यका साथ अनुमति खुला गरिएको मन्त्रालयको भनाइ छ।

## कोरियाली भाषा परीक्षा स्थगित

■ प्रभाव संवाददाता

**काठमाडौं–**परीक्षा स्थगित भएको छ। ३० वैशाखमा हुने स्थानीय तहको निर्वाचनका कारण कोरियाली भाषाको परीक्षा स्थगित हुने भएको हो।

वैदेशिक रोजगार विभागअन्तर्गतको इपिएस कोरिया शाखाले बुधबार एक सूचना जारी गर्दै यही २६ वैशाखदेखि हुने भनिएको परीक्षा अर्को सूचना जारी नभएसम्मका लागि स्थिगित गरिएको जानकारी दिएको हो। सूचनामा भनिएको छ, 'स्थानीय तहको चुनावका कारण परीक्षा अर्को सूचना जारी नहुँदासम्मका लागि स्थिगित गरिएको छ।' कोभिडका कारण सन् २०१९ देखि हुन नसकेको परीक्षामा यो वर्ष ४४ हजार ८५३ जनाले आवेदन दिएका थिए।

जसमध्ये कृषि क्षेत्रका लागि १० हजार ८५८ र उत्पादनमूलक क्षेत्रमा ३३ हजार ९९५ जनाले आवेदन दिएको इपिएस शाखाले जनाएको छ। सन् २०२२ का लागि नौ हजार ६९८ जनाको कोटा निर्धारण भएको छ। भाषा परीक्षाको लागि १४ चैतदेखि २१ चैतसम्म आवेदन माग गरिएको थियो।

## कतारको नेपाली दूतावास तीन दिन बन्द रहने

■ प्रभाव संवाददाता

**काठमाडौं–** कतारमा रहेको नेपाली दूतावास तीन दिन बन्द हुने भएको छ। अन्तर्राष्ट्रिय श्रमिक दिवस तथा इद पर्वको अवसरमा तीन दिन दूतावास बन्द रहने जानकारी दिइएको छ।

दूतावासले एक सूचना जारी गरेर चाडपर्वको अवसरमा वैशाख १८ गते आइतबारदेखि २० गते मंगलबार (०१-०३ मे २०२२) सम्म राजदूतावास बन्द रहने जानकारी दिएको हो। दूतावासले बन्द रहने दिनमा पनि अत्यावश्यक काम परेको खण्डमा टेलिफोन गरेर वा वाट्सएप गरेर जानकारी दिनका लागि आग्रह गरेको छ।

वैशाख २१ गते बुधबार अर्थात् ४ मेदेखि भने दूतावास पूर्ववतरूपमा सञ्चालनमा आउने सूचनामा जानकारी दिइएको छ।




# पहिलोपटक एकै चरणमा स्थानीय तहको निर्वाचन

■ शरद् शर्मा




**काठमाडौं–** नेपालमा प्रजातन्त्रको पुनर्वहाली भएपछि २०४९ सालबाट स्थानीय तहको निर्वाचन सुरु भएको हो । अहिलेसम्म तीनवटा स्थानीय तहको निर्वाचन सम्पन्न भइसकेको छ । यही वैशाख ३० गते चौथो पटक स्थानीय तहको निर्वाचनमा मुलुक जुटिरहेको छ ।

नेपालमा स्थानीय तहको निर्वाचन २०४९, २०५४ र २०७४ साल गरी तीनपटक सम्पन्न भइसकेका छन् । विगतको निर्वाचनलाई हेर्दा सधैं नै दुई वा तेस्रो चरणमा निर्वाचन भएको देखिन्छ । तर यसपटक भने सरकारले एकै पटक वैशाख ३० गते देशभर निर्वाचन गर्न लागेको छ । निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले निर्वाचनलाई स्वच्छ, निष्पक्ष र मर्यादित बनाउनका लागि पहिलो पटक एकै चरणमा निर्वाचन गर्न थालिएको बताए ।

'दुई-तीन चरणमा निर्वाचन हुँदा एक ठाउँको मतदाता फेरि अर्को ठाउँमा फर्जी मत खसाल्न जान सक्छन्,' उनले भने, ' निर्वाचनलाई स्वच्छ, निष्पक्ष र मर्यादित बनाउनका लागि एकै चरणमा निर्वाचन गर्न थालिएको हो ।' गृह मन्त्रालयका प्रवक्ता फणिन्द्रमणि पोखरेलले मुलुकको सुरक्षास्थित मजबुत् भएकोले एकै चरणमा निर्वाचन गराउन थालिएको बताए । 'यसपटक कुनै आपराधिक क्रियाकलापमा संलग्न कुनै पनि राजनीतिक दल तथा संघ संगठन छैन,' उनले भने, 'निर्वाचन बिथोल्ने कुनै गतिविधि नदेखिएकाले एकै चरणमा निर्वाचन गराउन सरकार तयार भएको हो ।'

निर्वाचनमा एक लाख ६८ हजार सुरक्षाकर्मी र एक लाख म्यादी प्रहरी परिचालन गर्न थालिएको छ । प्रजातन्त्र पुनर्वहाली भएपछि २०४९ सालमा दुई चरणमा तीन हजार ९९५ गाउँ विकास समिति र ३६ नगरपालिकामा स्थानीय तहको निर्वाचन भएको थियो । २०४९ जेठ १४ गते र जेठ १८ गते सो निर्वाचन सम्पन्न भएको थियो । जेठ १४ गते दुई हजार ३० गाविसं. र ११ नगरपालिका तथा जेठ १८ गते एक हजार ९६५ गाविसं. र २५ नगरपालिकामा निर्वाचन भएको थियो । २०४९ सालदेखि नै १८ वर्ष उमेर पुगेकालाई मताधिकारको प्रयोग गर्न दिइएको थियो । त्यो भन्दा अगाडि २१ वर्ष उमेर पुगेकाले मात्र मतदान गर्न पाउँथे । २०४९ सालमा पाँच राजनीतिक दलले निर्वाचनमा सहभागिता जनाएका थिए ।

यस्तै २०५४ सालमा पनि दुई चरणमा स्थानीय तहको निर्वाचन भएको थियो । २०५४ जेठ ४ गते र १३ गते गरी दुई चरणमा निर्वाचन सम्पन्न भएको थियो । त्यतिबेला तीन हजार ९१३ गाविसं. र ५८ नगरपालिका रहेका थिए । पहिलो चरणमा परेका एक हजार ८२१ गाउँ विकास समिति, २३ नगरपालिका र एक उपमहानगरपालिका तथा दोस्रो चरणमा ३५ जिल्लाका दुई हजार ९१ गाविसं., एक महानगरपालिका, दुई उपमहानगरपालिका र ३१ नगरपालिकामा निर्वाचन भएको थियो । यस्तै गणतन्त्र स्थापनापछि झण्डै २० वर्षपछि भएको स्थानीय तहको निर्वाचन तीन चरणमा सम्पन्न भएको थियो । २०७४ वैशाख ३१ गते बागमती, गण्डकी र कर्णाली प्रदेश, २०७४ असार १४ गते प्रदेश १, लुम्बिनी र सुदूरपश्चिम प्रदेश तथा २०७४ असोज २ गते मधेस प्रदेशमा गरी तीन चरणमा निर्वाचन सम्पन्न भएको थियो ।

वि.सं. २०४९ मा ४४ हजार ५३९ जनप्रतिनिधि चयन भएका थिए भने २०७४ सालमा छ महानगरपालिका, ११ उपमहानगरपालिका, २७६ नगरपालिका र ४६० गाउँपालिकामा गरी ७५३ स्थानीय तहमा प्रमुख, उपप्रमुख, अध्यक्ष र उपाध्यक्ष, छ हजार ७४३ वडाध्यक्ष, सोही संख्यामा महिला सदस्य र दलित महिला सदस्य तथा १३ हजार ४८३ सदस्य गरी कूल ३५ हजार २२१ सदस्यका लागि निर्वाचन भएको थियो ।

**अहिलेभन्दा २०४९ सालमा दुई गुणा बढी उम्मेदवार**

अहिलेभन्दा २०४९ सालमा दुई गुणा बढी उम्मेदवारले मनोनयन दर्ता गराएका थिए । त्यतिबेला कूल ४४ हजार ५३९ पदका निर्वाचन भएको थियो भने अहिले ३५ हजार २२१ पदका लागि निर्वाचन हुँदै छ । २०४९ सालमा ४४ हजार ५३९ पदका लागि तीन लाख ५० हजार उम्मेदवारले मनोनयन दर्ता गराएका थिए । अहिले ३५ हजार २२१ पदका लागि निर्वाचनमा एक लाख ५२ हजार ४६५ जनाले मात्र उम्मेदवारी दर्ता गराएका छन् । त्यस्तै २०५४ सालमा एक लाख ८९ हजार पदका लागि निर्वाचन भएको थियो भने । २०७४ सालमा एक लाख ५१ हजार १९० जना उम्मेदवार मनोनयन भएको थियो । तीमध्ये ९७ जनाको उम्मेदवारी रद्द, दुई हजार ७२३ जनाले उम्मेदवारी फिर्ता गरेका थिए ।

**मतदान केन्द्र**

वि.सं. २०४९ मा पाँच हजार ७१ मतदान केन्द्र रहेका थिए । यसैगरी २०५४ सालमा पाँच हजार ६९ मतदान केन्द्र र ३१८ उपकेन्द्र रहेका थिए । मतदान केन्द्र, उपकेन्द्र र कर्मचारी खटन पहिलो चरणमा मतदान केन्द्रको संख्या दुई हजार २३४, उपकेन्द्र ५८ थिए भने दोस्रो चरणमा दुई हजार ८३५ मतदान केन्द्र र २६० उपकेन्द्रहरू थिए । यस्तै २०७४ सालमा १८ हजार ५८३ मतदान केन्द्र र १० हजार ६७१ मतदान स्थल रहेका थिए । अहिले १० हजार ७५६ मतदान स्थल र २१ हजार ९५५ मतदान केन्द्र रहेका छन् ।

**मतदाता ५७ लाख बढी**

२०४९ सालमा रहेका मतदाताभन्दा अहिले ५७ लाख मतदाता बढी रहेका छन् । २०४९ सालमा एक करोड २० लाख मतादाता रहेका थिए । अहिले २०७९ को निर्वाचनमा त्यो संख्यामा ५७ लाख पुगेको छ । अहिले एक करोड ७७ लाख ३३ हजार ७२३ जना रहेका छन् । २०५४ सालमा एक करोड २५ लाख ३८ हजार २७३ मतदाता, २०७४ सालमा एक करोड ४० लाख ७२ हजार ४२४ मतदाता रहेका थिए । निर्वाचन आयोगका अनुसार पुरुष ७० लाख ७९ हजार १५३, महिला ६९ लाख ९३ हजार १२७ र तेस्रो लिंगी १४४ गरी जम्मा एक करोड ४० लाख ७२ हजार ४२४ मतदाता रहेका थिए ।

**निर्वाचन खर्च**

वि.सं. २०४९ मा भएको निर्वाचन प्रचार-प्रसारमा गाउँ विकास समितिका अध्यक्ष र उपाध्यक्षका लागि अधिकतम १० हजार, सदस्यका लागि दुई हजार तथा नगरपालिकाका प्रमुख र उपप्रमुखका लागि २५ हजार र सदस्यका लागि १० हजार रूपैयाँ निर्वाचन खर्चको सीमा तोकिएको थियो । त्यस्तै २०५४ सालमा महानगरपालिकाको प्रमुख र उपप्रमुख उम्मेदवारका लागि एक लाख ५० हजार रूपैयाँ, वडाध्यक्ष र सदस्यका उम्मेदवारका लागि २ ९ हजार, उपमहानगरपालिकाका प्रमुख र उपप्रमुखका उम्मेदवारले ७० हजार, वडाध्यक्ष, वडा सदस्यका उम्मेदवारले १५ हजार, नगरपालिका प्रमुख, उपप्रमुखका उम्मेदवारले ४५ हजार, वडाध्यक्ष र वडा सदस्यले १२ हजार रूपैयाँ चुनाव प्रचारका लागि खर्च गर्न पाउने गरी निर्वाचन खर्चको हद तोकिएको थियो ।

यसैगरी २०७४ र २०७९ सालमा उम्मेदवारी खर्चको हद एउटै तोकिएको छ । निर्वाचन आयोग ऐन २०७३ को दफा २४ तथा स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ बमोजिम उम्मेदवारको निर्वाचन खर्चको अधिकतम सीमा तोकिएको हो । अहिले पनि २०७४ सालको जस्तै महानगरपालिकाका प्रमुख र उपप्रमुखले सात लाख ५० हजार रूपैयाँ खर्च गर्न पाउने व्यवस्था गरेको छ । यसैगरी उपमहानगरपालिकाका प्रमुख र उपप्रमुखले पाँच लाख ५० हजार, नगरपालिकाका प्रमुख र उपप्रमुखले चार लाख ५० हजार तथा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षले तीन लाख ५० हजार रूपैयाँ चुनावी खर्च गर्न पाउने व्यवस्था गरिएको निर्वाचन आयोगले जनाएको छ । यही वैशाख ३० गते हुने निर्वाचनका लागि आयोग आवश्यक तयारीमा जुटेको छ । *रासस*

# 'अभिव्यक्ति स्वतन्त्रतालाई समृद्ध बनाउने दायित्व सबैको हो'

■ प्रभाव संवाददाता



**काठमाडौं–** 'लोकतन्त्रको आधारशीला : व्यावसायिक र जिम्मेवार पत्रकारिता' भन्ने नाराका साथ यस वर्षको राष्ट्रिय पत्रकारिता दिवस मनाइने भएको छ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा बिहीबार बसेको सातौं राष्ट्रिय पत्रकारिता दिवस मूल समारोह समितिको बैठकले उक्त नारा तय गर्नुका साथै विभिन्न कार्यक्रमको आयोजना गरी दिवसलाई भव्यरूपमा मनाउने निर्णय गरेको हो ।

सञ्चारमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीको अध्यक्षतामा बसेको बैठकले आमसञ्चार, पत्रकारिता, सञ्चारसम्बद्ध संस्था, आमसञ्चारसम्बन्धी प्रतिष्ठान र सञ्चारगृहले राष्ट्रिय पत्रकारिता दिवसका अवसरमा विभिन्न कार्यक्रमको आयोजना गर्ने निर्णय गरेको छ । साथै सञ्चारमाध्यम, सञ्चारगृह र पत्रकारलाई विशेषांक, लेख, संवाद, अन्तर्वार्तालगायतका कार्यक्रम प्रकाशन र प्रसारण गर्न एवं यस वर्षको दिवसको नारालाई उच्च प्राथमिकताका साथ प्रकाशन-प्रसारण गर्न लगाउने निर्णय बैठकले गरेको छ । दिवसका अवसरमा यही वैशाख २३ देखि २५ गतेसम्म आमसञ्चारसम्बन्धी प्रतिष्ठान र सञ्चारगृहले बेलुका दीपावली गर्न पनि अनुरोध गरिएको छ ।

मन्त्री कार्कीले नेपालको संविधानप्रदत्त प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई समृद्ध बनाएर लैजान सबैले आफ्नो दायित्व पूरा गर्नुपर्नेमा जोड दिए । उनले भने, 'दक्षिण एसियामा नै नेपाललाई प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता भएको मुलुकका रूपमा स्थापित गर्न सरकार प्रतिबद्ध छ र यसमा सम्बद्ध निकायहरू पनि उत्तिकै जिम्मेवार रहनुपर्दछ ।'

पत्रकारिता दिवसका अवसरमा तय गरिएको नाराअनुसार समाजलाई निर्देशित गर्न पनि उत्तिकै अग्रसरताको खाँचो रहेको मन्त्री कार्कीले औंल्याए । उनले पत्रकारिता दिवसका अवसरमा पुरस्कृत हुने व्यक्तित्वले जनतालाई प्रेरित गर्न सक्नुपर्ने बताए ।

सो अवसरमा मन्त्रालयका सचिवलगायत उच्च अधिकृत एवं मातहतका विभिन्न सञ्चारमाध्यमका प्रमुख, सञ्चारसम्बन्धी विभिन्न व्यावसायिक तथा पेशागत संस्थाका प्रतिनिधिको उपस्थिति थियो । वैशाख २४ गतेलाई सरकारले विगत सात वर्षदेखि औपचारिकरूपमा राष्ट्रिय पत्रकारिता दिवसका रूपमा मनाउँदै आएको छ ।

# आकाशीय ग्रह अनुसन्धान गरिने

**काठमाडौं (प्रस)–** नेपाल पञ्चांग निर्णायक विकास समितिले आकाशीय ग्रह र पात्रोका लागि गरिने गणितमा मेल गराउन अनुसन्धान सुरु गर्ने भएको छ । आकाशीय ग्रह र पात्रोमा उल्लेख गरिने ग्रहगतिका विषयमा फरक पर्न थालेपछि अनुसन्धान गर्न समितिले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलगायत सरोकार भएका निकायकाबीच छलफल सुरु गरेको छ । आकाशीय ग्रह गति र पात्रोमा राखिने समयको सिद्धान्त पत्ता लगाएर त्यसलाई क्रियात्मक रूप दिन लागिएको समितिका अध्यक्ष प्रा.श्रीकृष्ण अधिकारीले जानकारी दिए ।

यसका लागि वेदशालाको स्थापना गर्न पनि मन्त्रालयसँग माग गरिएको उनले बताए । आकाशीय ग्रह र गणित एकै रथका दुई पांग्रा भएकाले अध्ययन अनुसन्धानका लागि वेदशाला अत्यावश्यक भएको समितिको भनाइ छ । आकाशमा जस्तो ग्रह गति छ गणितमा दुरुस्त उतार्न अनुसन्धानमा ढिलाइ भइसकेको छ । अनुसन्धानबाट गणितमा के सुधार गरिनुपर्छ भन्ने प्रस्ट हुने भएको समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुंगेलले बताए ।

## आर्थिक वृद्धि..

बाँकी पृष्ठ १ बाट जारी

आएको विभागले सन् २०११ लाई आधार वर्षका रूपमा मान्यता दिएको छ । हरेक तीन आवको विवरणलाई प्रस्तुत गर्दै चालु आवको छदेखि नौ महिनाको विवरणका आधारमा विवरण सार्वजनिक गरिएको विभागले जानकारी दिएको छ ।

बेमौसमी बाढी तथा पहिरोका कारण गत कात्तिकमा धानखेतीमा परेको नकारात्मक असरका कारण आर्थिक वृद्धिदरमा केही समस्या देखिएको विभागको भनाइ छ । बेमौसमी वर्षा नभएको भए आर्थिक वृद्धिदर अझै माथि जानसक्ने विभागका निर्देशक ईश्वरीप्रसाद भण्डारीले जानकारी दिए ।

राष्ट्रिय योजना आयोगका सचिव केवलप्रसाद भण्डारीले वास्तविकताका आधारित तथ्य तथ्यांकको विश्लेषण गरेर विवरण प्रकाशित गरिएकाले अन्तर्राष्ट्रिय निकायहरूको भन्दा विभागको तथ्यांक विश्वसनीय र भरपर्दो रहेको बताए । आयोगका सदस्य डा. रामकुमार फुँयालले रुस-युक्रेन संघर्षका कारण पेट्रोलियम पदार्थको मूल्यमा भएको वृद्धिका कारण नेपालको अर्थतन्त्रमा पनि प्रभाव परेको बताए । कोरोना महामारीबाट अर्थतन्त्र क्रमशः लयमा फर्किएकोसमेत उनको भनाइ छ ।

विभागका महानिर्देशक नेबिनलाल श्रेष्ठले चालु आवमा कूल आयात २० खर्ब रूपैयाँ बराबर पुग्ने अवस्था देखिएको जानकारी दिए । यस्तै निर्यात भने तीन खर्ब २० अर्ब रूपैयाँ बराबर पुग्ने देखिएको छ ।

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरू**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

२०७९ वैशाख १६ गते शुक्रबार (तिथिः चतुदर्शी, नक्षत्रः रेवती, कृष्णपक्ष)

| | |
|---|---|
| **मेष** | घरेलु सहयोग राम्रो रहनेछ । |
| **वृष** | व्यापारिक प्रगति राम्रो हुनेछ । |
| **मिथुन** | सम्मान प्राप्त हुने योग छ । |
| **कर्कट** | शत्रु परास्त हुनेछ । |
| **सिंह** | सुखद समाचार प्राप्त हुनेछ । |
| **कन्या** | दैनिक कार्यमा रोकावट हुने देखिन्छ । |
| **तुला** | धन लाभ हुने योग छ । |
| **वृश्चिक** | सुखद समाचार प्राप्त हुनेछ । |
| **धनु** | सोच विचार गरेर खर्च गर्नुहोला । |
| **मकर** | नयाँ साथी बन्नेछ । |
| **कुम्भ** | आम्दानीको बाटो खुल्नेछ । |
| **मीन** | लामो यात्राको योग छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आ'खा बैंक | ४४९३६८४ |
| नेपाल आ'खा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आ'खा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/ शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

वैशाख १६ गते, २०७९, २९ अप्रिल २०२२

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १२१।७६ | १२२।३६ |
| युरो | १ को | १३३।२२ | १३३।८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५२।०० | १५२।७५ |
| स्विस फ्रैन्क | १ को | १२६।०९ | १२६।७१ |
| अस्ट्रेलियन डलर | १ को | ७७।२५ | ७७।६३ |
| क्यानाडियन डलर | १ को | ८७।२६ | ८७।६९ |
| सिंगापुर डलर | १ को | ८६।१८ | ८६।६० |
| जापानी येन | १० को | ११।२३ | ११।२९ |
| चिनियाँ युआन | १ को | १७।३१ | १७।३९ |
| साउदी अरब रियाल | १ को | ३२।३८ | ३२।५४ |
| कतारी रियाल | १ को | ३३।४४ | ३३।६१ |
| थाई भाट | १ को | ३।७३ | ३।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३३।१५ | ३३।३१ |
| मलेसियन रिंगेट | १ को | २८।२५ | २८।३९ |
| दक्षिण कोरियन वन | १०० को | १०।०६ | १०।११ |
| स्विडिस क्रोनर | १ को | १२।२६ | १२।३२ |
| डेनिस क्रोनर | १ को | १७।८५ | १७।९३ |
| हङकङ डलर | १ को | १५।७१ | १५।७८ |
| कुवेती दिनार | १ को | ३९१।५२ | ३९३।४५ |
| बहराइन दिनार | १ को | ३२१।०२ | ३२२।६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# उम्मेदवारी फिर्ता गराउन गृहमन्त्री चितवनमा

■ प्रभाव संवाददाता



**चितवन–** गृहमन्त्री बालकृष्ण खाँणले भरतपुर महानगरपालिकामा स्वतन्त्र उम्मेदवारी दिएका नेपाली कांग्रेसका नेता जगन्नाथ पौडेललाई उम्मेदवारी फिर्ता लिई गठबन्धनलाई सघाउन आग्रह गरेका छन् ।

मन्त्री खाँणले पार्टीले विषम परिस्थितिमा गठबन्धन गरेकोले स्वतन्त्र उम्मेदवारी दिएका पौडेलले पार्टीको निर्णयलाई कार्यान्वयन गरी उम्मेदवारी फिर्ता लिने विश्वास व्यक्त गरे । उनले अहिलेको अवस्था असहज रहेकोले यो असहज परि स्थितिबाट कसरी अगाडि बढ्ने भन्ने विषयमा छलफल भएको र यस्तो परिस्थितीमा पौडेलले उम्मेदवारी फिर्ता लिनुपर्ने बताए । निर्वाचनको समयमा पार्टीले आधिकारिक उम्मेदवार दिने जनाउँदै उनले कांग्रेस सधैं लोकतन्त्रका लागि प्रतिवद्ध रहेको बताए ।

छलफलका क्रममा गृहमन्त्री खाँण, राज्यमन्त्री उमेश श्रेष्ठ, कांग्रेस चितवनका सभापति राजेश्वर खनाल, जिल्ला उपसभापति राजीव न्यौपाने सहभागी भई उम्मेदवार नेता पौडेलाई उम्मेद्वारी फिर्ता लिन विशेष आग्रह गरिएको थियो ।

नेता पौडेलले भने आफू आफ्नो उम्मेदवारीबाट फिर्ता नहुँने ठाउँमा पुगेको बताए । उनले आफु एक्लैले निर्णय गर्न नमिल्ने भन्दै उम्मेदवारी फिर्ता नलिने जनाएका थिए । उनले चिवतन जिल्लाका साथीको मान मर्यादा र उनीहरूको भविष्यसँग जोडिएको विषय भएकोले पनि आफु एक्लैले निर्णय गर्न नसक्ने जानकारी गराएका थिए । गृहमन्त्रीले पौडेलका प्रस्तावक र समर्थकलाई भेट गरि उम्मेदवारी फिर्ता गराउन अनुरोध गरेका थिए । यसरी उम्मेदवारी दिएको व्यक्तिलाई बहालवाला मन्त्री नै फकाउन पुगेको विषयमा निर्वाचन आयोगले आफ्नो ध्यानाकर्षण भएको जनाएको छ । आयोगका सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालले बिहीबार आयोजित पत्रकार सम्मेलनमा उक्त विषय आयोगले हेरिरहेको बताए ।

'गठबन्धन र त्यस सन्दर्भको कुरालाई लिएर र उहाँहरूको हिसाबमा उठ्न नपर्ने मान्छेहरू उठिदिनुभयो, अफ्ठ्यारो भयो भन्ने हिसाबले मन्त्रीज्यूहरू नै गएको भन्ने जुन कुरा छ । पक्कै पनि आयोगको ध्यानाकर्षण भएको छ', सहायक प्रवक्ता अर्यालले भने, 'पब्लिक पोस्ट र पब्लिक रिसोर्सिजमा पक्लिक रिस्पोन्सिबिलिटिज हुन्छ । त्यो हिसाबले हाम्रो आचारसंहिताले त्यो खालको अपेक्षा गर्दैन । यसबारे आयोगले थप निर्णय गर्नेछ ।'

भरतपुर महानगरपालिकाको प्रमुखमा गठबन्धनको समर्थनमा रेनु दाहालले उम्मेद्वारी दिएकी छन् भने गठबन्धनको निर्णयविरुद्ध नेपाली कांग्रेसका नेता जगन्नाथ पौडेलले उम्मेदवारी दर्ता गराएका थिए । निर्वाचन कार्यतालिका अनुसार शुक्रबार साँझसम्म मनोनयन फिर्ता लिन सकिने भएकाले गठबन्धनका शीर्ष नेताहरूले बागी उम्मेदवार पौडेललाई उम्मेदवारी फिर्ता लिन भन्दै आग्रह गरेका छन् ।

## भरतपुर..

बाँकी पृष्ठ १ बाट जारी

छन् । यसले पनि के दर्शाउँछ भने संविधान जारी भएपछि पहिलोपटक स्थानीय तहको चुनाव हुँदाको जस्तै यसपटक पनि राजनीतिक चर्चा र चासोको केन्द्रमा छ भरतपुर महानगरपालिका ।

अघिल्लोपटक जस्तै यसपटकको स्थानीय चुनावमा पनि रेणुलाई जिताउन उनको पार्टी नेकपा माओवादी केन्द्रसँगै नेपाली कांग्रेसको नेतृत्व तह जोडतोडका साथ लागिरहेको छ । तर, अवस्था २०७४ को जस्तो सहज छैन । यसपटक कांग्रेस कार्यकर्ताहरूले चितवनमा विद्रोहको घोषणा गरेका छन् । र, विद्रोहको नेता बनेका छन्, कांग्रेसका पुराना नेता तथा पूर्वसांसद पौडेल । पौडेलले भरतपुरको मेयरमा स्वतन्त्र उम्मेदवारी दर्ता गराएसँगै गठबन्धनको 'निद हराएको' छ ।

त्यसपछि देउवाले आफ्नो दूतका रूपमा गृहमन्त्री खाणलाई बुधबार चितवन पठाए । पौडेललाई फकाउनकै लागि भनेर खाण काठमाडौं नफर्की उतै बास बसे । तर, पौडेलले उम्मेदवारी फिर्ता लिन मानेका छैनन् । खाणपछि राज्यमन्त्री श्रेष्ठ पनि चितवन पुगे ।

बुधबार चितवन पुगेका खाणले कांग्रेसका प्रभावशाली नेताहरूलाई भेटेर पौडेलको उम्मेदवारी फिर्ता लिने वातावरण बनाइदिन आग्रह गरे । खाणले बुधबार सुरुमा पूर्वजिविस सभापति कृष्णलाल सापकोटालाई भेटे । सापकोटा पौडेलको प्रस्तावक रहेका थिए । राजनीतिमा पौडेलका समकालीन भएकाले पनि उनको उम्मेदवारी फिर्ता लिने वातावरण बनाउन सापकोटासँगको भेट उपलब्धिमूलक हुने खाणको विश्वास थियो । तर, सापकोटाको जवाफ अपेक्षा गरेजस्तो आएन ।

सापकोटापछि खाणले चितवन कांग्रेसका पुराना नेता भीमबहादुर श्रेष्ठलाई पनि उनकै घरमा पुगेर भेटे । श्रेष्ठले पनि संगठन र पार्टीलाई बचाउनका लागि हरेकपटक अरू पार्टीलाई मत हाल्न नसकिने जवाफ फर्काए ।

त्यसपछि खाणले बिहीबार बिहान कृष्णनगरस्थित पौडेलकै निवास पुगेर उम्मेदवारी फिर्ता लिन उनलाई आग्रह गरे । तर, पौडेलले आफ्नो उम्मेदवारीको विषयमा आफूले मात्रै निर्णय गरेर नहुने जवाफ दिए । भरतपुरका समग्र कांग्रेस नेता र कार्यकर्ताको आग्रहपछि मात्रै आफू उम्मेदवार बनेको उनको भनाइ छ ।

अहिले सत्ता गठबन्धन आवश्यक भएको, यसलाई बचाउनका लागि पनि कार्यकर्ताहरू तयार हुनुपर्ने भएकाले, पार्टीले नचाहेर भरतपुर गुमाउनुपरेको भन्दै खाणले पौडेललाई फकाए । तर, पौडेल आफ्नो अडानमा कायम रहेपछि 'फेरि छलफल गरौंला' भन्दै खाण पौडेलनिवासबाट बाहिरिएका थिए ।

'चितवन जिल्लाका साथीहरूको मान मर्यादा, प्रतिष्ठा र उहाँहरूको भविष्यका लागि उम्मेदवार बनेको हुँ । फिर्ता लिने विषय मैले मात्र निर्णय गर्न मिल्ने विषय हैन,' गृहमन्त्री खाणसँगको भेटपछि पौडेलले पत्रकारहरूसँग भने ।

आफ्ना कारणले केन्द्रीय गठबन्धन र सरकारलाई असर नपर्ने उनले बताए । परिस्थिति धेरै अघि बढिसकेकाले अब उम्मेदवारी फिर्ता लिने सम्भव नभएकोसमेत बताएको पौडलले जानकारी दिए ।

उम्मेदवारी फिर्ता लिन आग्रह गर्दै खाणले विशेष अवस्थामा गठबन्धन भएकाले यसलाई जोगाउन उम्मेदवारी फिर्ता जरुरी भएको बताएका थिए । 'पौडेलजी पार्टीको प्रतिबद्ध कार्यकर्ता हो । पार्टीको निर्णयलाई मान्नुहुन्छ भन्ने विश्वास छ । विशेष अवस्थामा गठबन्धन बनेको भएकाले यसलाई जोगाउन आवश्यक छ,' खाणले भने ।

राज्यमन्त्री श्रेष्ठले पनि पौडेललाई बिहीबार बिहान भेटेका थिए । पौडेलको उम्मेदवारी फिर्ता गराउने विषयमा नेताहरू मात्रै होइन, पूर्वप्रधानन्यायाधीशसमेत सक्रिय भएका छन् । पौडेललाई मनाउन पूर्वप्रधानन्यायाधीश गोपाल पराजुली पनि भरतपुरको कृष्णनगर पुगे ।

चितवन कांग्रेसका नेतासँग पुरानो सम्बन्ध भएका पराजुलीको पौडेलसँग पनि राम्रो सम्बन्ध भएको बताइन्छ । पौडेलसँगको सम्बन्धकै कारण प्रधानमन्त्री देउवाको आग्रहमा पराजुली चितवन पुगेका हुन् । तर, पराजुलीले भने पौडेलसँग व्यक्तिगत सम्बन्ध भएपनि उम्मेदवारी फिर्ताका लागि गएको विषय अस्वीकार गरेका छन् । व्यक्तिगत सम्बन्धकै विषयमा छलफलका लागि भेट्न गएको पराजुलीले बताएका छन् । पौडेलसँगको आफ्नो भेटलाई राजनीतिक अर्थ दिएर अतिरञ्जित नगर्न पराजुलीले आग्रह गरेका छन् ।

भरतपुर महानगरपालिकाको मेयरमा दोस्रोपल्ट माओवादी केन्द्रकी रेणुलाई सघाउने निर्णय स्थानीय कांग्रेस नेता/कार्यकर्ताले सहज रूपमा लिन सकेका छैनन् । चितवनका कांग्रेस कार्यकर्ताले भरतपुरमा कुनै पनि हालतमा माओवादीलाई नदिन दबाब, डेलिगेसन र विरोध गरेका थिए । तर, त्यसले काम गरेन । त्यसपछि पाको पुस्ताले नै विद्रोहको बाटो रोज्यो । पाको पुस्ताको विद्रोहलाई सजिलै निस्तेज पार्ने उपाय नसुझेपछि गृहमन्त्री खाण र राज्यमन्त्री श्रेष्ठ चितवन ओर्लिए ।

भरतपुर एक किसिमले गठबन्धनको इपिसेन्टर नै बनेको छ । भरतपुरमा गठबन्धनका उम्मेदवार रेणुले जिते वर्तमान गठबन्धन कायम रहने र नजिते गठबन्धन भत्किने जोखिम छ । देउवा गठबन्धन भत्कियोस् भन्ने चाहँदैनन् । वर्तमान गठबन्धन भत्किए आफ्नो सत्ता धरापमा पर्ने बुझेका देउवाले भरतपुर माओवादीलाई दिने 'निर्मम निर्णय' गर्न पुगे । र, यो निर्णयलाई कार्यान्वयनमा लैजान पनि अनेक प्रयास गरिरहेका छन् । देउवाको अन्तिम प्रयासले काम गर्छ या गर्दैन आज साँझ ५ बजेपछि थाहा हुनेछ ।


**श्री अमर ज्योति (प्राविधिक) माध्यमिक विद्यालय**
**तादी गाउँपालिका**
**खरानीटार, नुवाकोट, बागमती प्रदेश**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(सूचना प्रकाशित मिति २०७९/०१/१६)

यस विद्यालयबाट मिति २०७८/१२/०८ गते प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा Construction of Academic Block of Amarjyoti Secondary School सम्बन्धी ठेक्का **Contract ID** नं **AMARJYOTI/NCB/W/B-078/79** को प्रकाशित सूचना बमोजिम रीतपूर्वक दर्ता हुन आएका बोलपत्रहरुमध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्यांकित अंक सारभूत रुपमा प्रभावग्राही भएको पाइएको हुँदा सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ बोलपत्र पेश गर्ने सम्बन्धित सबैको जानकारीका लागि ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

| सि.नं | ठेक्का नं | कामको विवरण | स्वीकृतिको लागि छनौट भएको बोलपत्रदाताको नाम, ठेगाना | भ्याट सहित कबोल अंक रु. |
|---|---|---|---|---|
| 1 | AMARJYOTI/ NCB/W/B-078/79 | Construction of Academic Block of Amarjyoti Secondary School | Roj Construction (रोज कन्स्ट्रक्सन, तारकेश्वर नगरपालिका, वडा नं १) | 85,36,652.19 |

**प्रधानाध्यापक**

**Invitation for Bids**

**Phalgunanda Rural Municipality**
**Office of Rural Municipal Executive**
**Phaktep, Panchthar**
**1 No. Province, Nepal**

**Invitations of bids for**
**Construction of Ward No. 5 Office Building Works.**
**Contract Identification No: PRM/NCB/WORKS-04/2078/079**
***Date of publication : 2022/04/29 (16th Baisakh 2079)***

1. **Phalgunanda Rural Municipality, Office of Rural Municipal Executive, Phaktep, Panchthar, Nepal** invites electronic bids from Nepalese eligible bidders for the **Construction of Ward No. 5 Office Building Works.**National Competitive Bidding procedures. The estimated amount for the works is Rs. 6,261,712/- (SIX MILLION TWO HUNDRED SIXTY ONE THOUSAND SEVEN HUNDRED AND TWELVE ONLY. (WITH VAT AND PS)
2. Eligible Bidders may obtain Bidding Documents from PPMO e-gp system www.bolpatra.gov.np bidder\needs to submit their bid electronically by downloading the bidding document for e- submission from PPMO's e-GP system bidders submitting their bid electronically,should be deposit the cost of bidding document in the following Rajaswa account as specified below.
   **Name of bank : Nepal Investment Bank, Ranke branch.**
   **Cost of bid document : 3000.00**
   **Office account no : 06901400250108 (GA-1.1 ANTARIK RAJASWA KHATA)**
3. Pre-bid meeting shall be held at Phalgunanda Rural Municipality, on 13th May 2022 at 11:00 PM.
4. Bid must be submitted through PPMO's e-GP System before 12 PM on 29th May 2022.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 pm on 29th, May 2022 at the office of Phalgunanda Rural Municipality, Office of Rural Municipal Executive, Phaktep, Panchthar, Nepal.Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of **1,57,000 /-** which shall be valid for 30 days beyond the validity period of the bid .
   **Name of bank : Nepal investment Bank, Rake branch.**
   **Bid security amount : 157000 /-**
   **office account no : 06901400250023 (GA-3.1 DHARAUTI KHATA)**
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

बागमती प्रदेश सरकार
**स्वास्थ्य मन्त्रालय**
**स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र**
हेटौंडा , नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयपत्रको सूचना**

प्रकाशित मितिः २०७९/०१/१६

यस केन्द्रबाट मितिः २०७८/११/०९ मा राष्ट्रिय पत्रिकामा आह्वान गरिएको Procurement of Hospital Equipments, National Competitive Bidding (NCB), IFB No. HLMC/G/NCB-27/2078-79 बोलपत्रअन्तर्गत तपसिलको फर्म न्यूनतम मूल्याङ्कित सारभुत रूपमा प्रभावग्राही देखिन आएकोले बोलपत्र स्वीकृतीको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को उपदफा २७९(२) बमोजिम बोलपत्र स्वीकृत गर्न आशयको सूचना प्रकाशित गरिएको छ ।

| S. N. | Contract Name/ Contract Number | Package | Bidder's Name/ Address | Amount (without VAT) |
|---|---|---|---|---|
| 1. | Procurement of Hospital Equipments, National Competitive Bidding (NCB), IFB No. HLMC/G/NCB-27/2078-79 , | Microscope | THE MEDICAL SOLUTIONS PVT LTD, CHARKHAL KATHMANDU | NPR. 1,100,000.00 |
| 2 | | OT Table | Lumbini Healthcare Pvt. Ltd. Baneshwor-10,Kathmandu | NPR. 588,000.00 |
| 3 | | OT Light | THE MEDICAL SOLUTIONS PVT LTD, CHARKHAL KATHMANDU | NPR. 510,000.00 |
| 4 | | PCR Machine | Jai Shree Shyam Trading Concern, Kuleshwor, Kath., Nepal | NPR.3,980,000.00 |
| 5 | | Dental X-Ray | KhilungKalika Suppliers and General Trading Pvt Ltd, Kamaladi, Kathmandu | NPR. 221,250.00 |

**निर्देशक**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# दुई दिने बिदाका चुनौती

सरकारले आउँदो जेठ एक गतेदेखि लागू हुनेगरी सातामा दुई दिन शनिबार र आइतबार सरकारी बिदा दिने निर्णय गऱ्यो । अनि, कार्यालय समय पनि बढाएर बिहान ९:३० देखि बेलुका ५:३० सम्म बनाउने निर्णय गऱ्यो । सरकारको निर्णयपछि यसका पक्ष र विपक्षमा चर्चा सुरु भएको छ । देशका बढिरहेको आर्थिक संकटलाई काम गर्नका लागि पेट्रोलियम पदार्थको खपत घटाउन यस्तो निर्णय गरिएको सरकारको दाबी छ । तर, धैरेले अन्य देशको उदाहरण दिँदै सरकारको निर्णय अव्यवहारिक भनेका छन् । देश निर्माणका लागि खटेर काम गर्नुपर्ने बेला झन् काम गर्ने समय घटाउनुले नोक्सान हुने उनीहरूको तर्क छ । अनि, दैनिक कार्यसमय बढाउँदा त्यसले 'बोझ' थपिने उनीहरूको तर्क छ ।

हुन पनि सरकारले भनेजस्तै यो निर्णयले पेट्रोलियम पदार्थको खपत अपेक्षाकृत घट्ने सम्भावना कमै देखिन्छ । यो निर्णयले सरकारी कार्यालयका लागि हुने पेट्रोलियम पदार्थको प्रयोग त घट्ला तर, व्यक्तिगत प्रयोग भने बढ्न सक्छ । जस्तो, हप्तामा लगातार दुई दिन बिदा हुने भएपछि सरकारी कर्मचारी कार्यालय पो हाजिर नहुने हुन्, व्यक्तिगत काममा नहिँड्ने त होइनन् होला । वा, सरकारले कर्मचारीलाई बिदाको दिन व्यक्तिगत कामले कतै ननिस्किनू भनेर उर्दी जारी गर्न सक्दैन होला । यसो गर्न मिल्दै पनि होला ।

त्यसकारण सरकारी कर्मचारीले लगातार दुई दिन हुने सार्वजनिक बिदाको उपयोग गर्न आन्तरिक पर्यटनतर्फ लाग्न सक्छन् । आफू मात्रै वा आफ्नो परिवारसहित दुई दिनमा घुमेर सकिने नजिकका स्थलहरूमा जान सक्छन् । त्यसका लागि सबैले सार्वजनिक यातायात प्रयोग गर्छन् भन्ने छैन । अथवा, उनीहरूको गन्तव्यसम्म सार्वजनिक यातायात नचल्न पनि सक्छन् । त्यस्तो अवस्थामा उनीहरूले आफ्ना निजी सवारीसाधान प्रयोग गर्ने नै भए । र, त्यसो हुँदा पेट्रोलियम पदार्थको प्रयोग हुन्छ नै । समग्रमा हेर्दा जुन मात्रामा खपत कम गर्ने भनिएको छ त्यसरी त कम हुँदैन ।

त्यसकारण, दुई दिने बिदा प्रणालीले राज्यका नाममा हुने पेट्रोलियम पदार्थको खपत मात्र कम गर्ने हो । त्यो पनि पूर्ण रूपमा विश्वस्त हुने आधार छैन । 'सानालाई ऐन, ठूलालाई चैन' भन्ने उक्तिजस्तै 'हाकिमसाब'हरू दुई दिने बिदा मनाउन सरकारी सवारीसाधन नै प्रयोग गरेर निस्किए भने के गर्ने ? यसलाई कसरी व्यवस्थित र पारदर्शी बनाउने यसतर्फ राज्यले ध्यान दिनैपर्छ । जुन उद्देश्यका लागि निर्णय गरिन्छन्, ती निर्णयहरू त्यस्ता उद्देश्य प्राप्तिका प्रयोग लागि भए/भएनन् ? यसमा राज्य चनाखो हुनुपर्छ । निर्मम हुनैपर्छ ।

नत्र त यसअघि जस्तै निर्णय रद्द गर्नुपर्ने अवस्था आउन सक्छ । तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको कार्यकालमा २०५६ साउन एक गतेबाट दुई दिन सार्वजनिक बिदाको प्रचलन सुरु भएकै थियो । तर, अव्यावहारिक भन्दै दुई वर्षपछि उक्त निर्णय रद्द गरिएको थियो । एकातिर हामी आन्तरिक पर्यटनलाई प्रवर्द्धन गर्ने पनि भनिरहेका छौं, अर्कोतिर पेट्रोलियम पदार्थको खपत घटाउने भनिरहेका छौं । यी दुई कुरा परस्पर विरोधी जस्ता लाग्छन् । तसर्थ, राज्यले कुनै लहडमा होइन कि पूर्णरूपमा सोच, विचार, विश्लेषण गरेर निर्णय गर्नुपर्छ । दुई दिने बिदाका चुनौतीलाई पक्कै पनि विश्लेषण गरिएको होला । नगरेको भए पनि चाँडै गरिनुपर्छ ।

# स्थानीय तहमा साझा आधारभूत सेवा कार्यक्रम

**देशभरिका स्थानीय क्षेत्रहरूमा वास्तविक कठिनाइ र सावधानको पूर्वानुमान नगरिएका कारण नवगठित स्थानीय सरकारहरू अझै व्यवस्थित रूपमा चल्न सकेका छैनन् । समयसापेक्ष प्रगतितर्फ उन्मुख हुन सकिरहेको छैन । अतः स्थानीय तहका समुदायलाई साझा हित, समृद्धि र दिगो शान्तिका लागि मार्गप्रशस्त गर्न एकीकृत प्रयास र निरन्तरताको आवश्यकता पर्दछ ।**



▶▶ अमर केसी

स्थानीय तह एक भौगोलिक तथा शासकीय तह हो । जसको कार्यकारिणी अधिकार गाउँ तथा नगरको कार्यपालिकासँग र व्यवस्थापिका गाउँ तथा नगरसभामा रहेको हुन्छ । जिल्ला सभाले गाउँ तथा नगरपालिकाको समन्वय गर्ने कार्य गरेको हुन्छ । जसले समन्वय र अनुगमनमात्र गरेको हुन्छ । स्थानीय तहको नयाँ संरचना अनुसार ७७ वटा जिल्ला समन्वय समिति (जिसस), छ वटा महानगरपालिका, ११ वटा उपमहानगरपालिका, २८६ वटा नगरपालिका तथा ४६३ वटा गाउँपालिका रहेका छन् । यसैगरी सबै तहका वडाहरू जम्मा छ हजार ७४३ रहेका छन् । स्थानीय तहले स्वायत्तरूपमा व्यवस्थापकीय अधिकार कानुन बनाउनसक्ने राजस्व र व्ययको अनुगमन गर्न सक्दछ ।

स्थानीय तहले प्रशासनिक कार्यान्वयन सँगसगै न्यायिक समितिअन्तर्गत सामान्य वादविवाद, झैझगडा र मुद्दा ममिलाको विषयमा पनि समान्य न्यायिक कार्यको काम गर्न सक्दछ । स्थानीय तहले स्थानीय तथ्यांकसम्बन्धी नीति, कानुन, मापदण्ड निर्धारण गर्ने, योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन पञ्जीकरण व्यवस्थापन जस्ता कार्यहरू गर्न सक्दछ । आधारभूत शिक्षामा स्थानीय क्षेत्रको शैक्षिक क्षेत्रमा आवश्यक नीति शिक्षासम्बन्धी नीति, आधारभूत स्वास्थ्य र सरसफाइसम्बन्धी कार्यहरूमा स्वास्थ्य नीति, कानुन, मापदण्ड, योजना कार्यान्वयन तथा नियमन स्वास्थ्य सेवा सञ्चालन अस्पताल एवं अन्य स्वास्थ्य संस्थाको स्थापनालगायत स्वास्थ्य सेवा सञ्चालन र व्यवस्थापनको काम गर्न सक्दछ ।

स्थानीय तहको संस्थागत सुदृढीकरण तथा सशक्तीकरणसम्बन्धी कार्य जनसहभागिताको माध्यमबाट स्थानीय पूर्वाधार विकासमा स्थानीय स्रोत साधन सीप परिचालन गर्न सक्दछ । यद्यपि, देशभरिका स्थानीय क्षेत्रहरूमा वास्तविक कठिनाइ र सावधानको पूर्वानुमान नगरिएका कारण नवगठित स्थानीय सरकारहरू अझै व्यवस्थित रूपमा चल्न सकेका छैनन् । समयसापेक्ष प्रगतितर्फ उन्मुख हुन सकिरहेको छैन ।

अतः स्थानीय तहका समुदायलाई साझा हित, समृद्धि र दिगो शान्तिका लागि मार्गप्रशस्त गर्न एकीकृत प्रयास र निरन्तरताको आवश्यकता पर्दछ । बहुसंख्यक ग्रामीण तथा नगर समाजलाई समृद्धि र विकास गर्नका लागि स्थानीय क्षेत्रहरूमा समानुपातिक विकासक्रमको अवधारणहरूलाई अवलम्बन गर्नु पर्दछ । सुशासन कार्यक्षमता अभिवृद्धि एवं वैज्ञानिक तथा आधुनिकीकरण गर्दै समृद्धिशाली समाज निर्माण गर्नका लागि 'ग्रामीण तथा नगर साझा आधारभूत सेवा कार्यक्रम'लाई नगर तथा ग्रामीणस्तरबाट सक्षम र सवलीकरणबाट अगाडि बढाउँदै गरिबी निवारण तथा आधारभूत आवश्यकताको परिपूर्तिका लागि अग्रसर रहनु पर्दछ ।

देशका अनेकौं समस्या एवं कठिन परिस्थितिमा पनि ग्रामीण तथा नगर समाजको विकासका लागि न्यूनतम आधारभूत आवश्यकताहरू परिपूर्ति गर्दै स्थानीय क्षेत्रका सबै पक्षहरूलाई समानान्तर रूपमा केलाउँदै आवश्यक कार्यनीति तथा योजनाहरूको निर्माणबाट ग्रामीण क्षेत्रको विकास सम्भव छ । गरिबी निवारण तथा आधारभूत आवश्यकताको परिपूर्ति गर्नका लागि ग्रामीण तथा नगर साझा आधारभूत सेवा कार्यक्रमले समग्र जनताहरूको कार्यक्षमताको विकास अभिवृद्धि गर्न र जनतामा कार्यगत एकता र समन्वय एवं सहभागितात्मक क्रियाकलाप सिर्जना गर्दछ । यसअन्तर्गत समग्र आधारभूत आवश्यकताका प्याकेज सेवा सुविधाहरू तर्जुमा गरी अग्रगामी विकासतर्फ अग्रसर रहनुपर्ने आवश्यकताको अपरिहार्यता रहेको छ । राज्यले समग्र स्थानीय क्षेत्रको समृद्धिका लागि उच्च आर्थिक विकास वृद्धिदर, जनसमृद्धिका कार्यक्षमताको विकास, सुशासन, तथा समतामूलक समाजमा विशेष जोड दिई गरिबी निवारणतर्फ अघि बढ्नुपर्दछ ।

सर्वांगीण नेपालको परिवेशमा गाउँ नै गाउँ मिलेर बनेको ग्रामीण क्षेत्रमा देखापरेका अनेकौं समस्या र यसको स्थायी समाधानका निम्ति समानुपातिक विकासक्रमको अवधारणालाई कार्यान्वयन गर्न सबै ग्रामीण क्षेत्रमा आधारभूत सेवाका एकीकृत कार्यनीति अबलम्वन गर्नुपर्दछ । यसैगरी जनसंख्या र जनघनत्व, भौतिक संरचना र त्यसको अवस्था तथा भौगोलिक बनावट र क्षेत्रफल, सामाजिक संरचना एवं संस्कृतिक परम्पराहरूका साथै त्यस क्षेत्रका विविध पक्षहरूलाई एकीकृत विकासक्रमको लक्ष्यमा समावेश गरी समग्र नगर क्षेत्रको न्यूनतम आधार भूत आवश्यकता पूरा गर्न ग्रामीण तथा नगर आधारभूत सेवा कार्यक्रम लाई राष्ट्रिय कार्यनीति योजना अनुरूप बाँडफाँड गरी समानान्तर विकासमा जोड दिइनुपर्दछ ।

नगर तथा ग्रामीण क्षेत्रका महिला, दलित, पीडित उत्पीडित, पिछडिएका वर्ग तथा जनजातिका कार्यक्षमताको विकासका लागि अग्रगामी विकासको मूलधारमा प्रत्यक्ष सहभागिता गराउँदै समन्वय र सहभागितामूलक विकासका कार्यनीतिहरू अवलम्बन गर्नुपर्दछ । ग्रामीण जनजीवनमा सामाजिक न्यायको अभिवृद्धि गर्ने तथा आर्थिक एवं सामाजिक विकासमा समग्र जनताको समन्वय, सद्भावको आदानप्रदान गर्नेजस्ता कार्यनीतिले ग्रामीण समाजको विकास गर्न सजिलो हुनेछ । स्थानीय क्षेत्रहरूमा दीर्घसुत्री कार्यक्रमको अन्त्य र जनमुखी कार्यनीतिको अवलम्बन गर्न 'सामूहिक ग्रामीण तथा नगर संगठन कार्यक्रम'लाई स्थानीयस्तरसम्म पुऱ्याउनुपर्दछ । यसका लागि स्थानीय जनताहरूद्वारा 'आफ्नै समस्या आफ्नै ठाउँ, आफैं मिली आफैं सुल्झाउँ' भन्ने नाराका साथमा आ-आफ्नो क्षेत्रमा गर्नुपर्ने आवश्यक कायनीतिहरूलाई तयार गरी आफ्नो क्षेत्रको सुधारका लागि निर्देशित कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ ।

मार्ग वाहन अनि भोजन जल प्रकाश, वस्त्र
विनोदले भरिपूर्ण हाट आवास परिवेश ।
सुविधा स्वास्थ्य छ अनि सत्य सन्देश, तब
बन्छ शान्त सुन्दर यो मेरो देश ॥

भावार्थः स्थानीय क्षेत्रमा विकास गर्न निम्न कार्यहरूलाई स्थापित गरेको हुनुपर्दछ भन्ने मान्यता बोकेको छ । १) सडक, २) यातायात, ३) स्वास्थ्य, ४) शिक्षा, ५) खाद्य, ६) कपडा, ७) खानेपानी, ८) आवास, ९) बजार, १०) बिजुली तथा ऊर्जा, ११) सञ्चार र १२) मनोरञ्जन आदि ।

### सामूहिक ग्रामीण तथा नगर संगठन कार्यक्रम

ग्रामीण क्षेत्रको भौतिक विकास र निर्माण गर्नका लागि स्थानीय तहमा बाटो, यातायात, स्वास्थ्य, शिक्षा, आवास, खाद्य, सञ्चार, स्थानीय प्रशासन, कृषि, ऊर्जाशक्ति, कपडा, खानेपानी, उद्योग, तथा बजार व्यवस्थापनलगायत विविध पक्षमा आफ्नो क्षेत्रको विकास कार्यहरूलाई सञ्चालन गर्दछ । स्थानीय स्वायत्त शासन प्रणालीको विकास गरी विकेन्द्रीकरणको माध्यमबाट स्थानीय क्षेत्रको विकास तथा निर्माण गर्न जनताको आर्थिक समृद्धि र आत्म निर्भरताका लागि सूक्ष्म, साना, मध्यम उद्योग (एमएसएमइज) रोजगारमूलक परियोजना लागू गरिनुपर्दछ । स्थानीय क्षेत्रहरूमा आवश्यक अधिकार प्रत्यायोजन गरी आवश्यक कार्यनीतिहरूको कार्यान्वयन गर्न राज्यले पारदर्शी प्रशासन संयन्त्रको विकास गर्नुपर्दछ । ग्रामीण क्षेत्रको विकासका उदेश्य अनुरूप स्थानीय क्षेत्रको सर्वांगीण विकासलाई एकीकृत कार्यक्रम लागू गरी जनतासमक्ष प्रत्यक्ष राहत पुऱ्याउने यस कार्यक्रमको लक्ष्य हो । जनघनत्व, भौगोलिक बनावट र भौतिक अवस्थाको मूल्यांकनबाट प्रत्येक एकाइ तहहरूमा ग्रामीण तथा नगर आधारभूत सेवा कार्यक्रम सञ्चालन गरी ग्रामीण क्षेत्रमा आधारभूत आवश्यकता र गरिबी निवारण गर्नसक्ने प्रभावशाली कार्यनीतिहरूको अबलम्वन हुनु जरुरी छ ।

एकाइ तहगत संरचनामार्फत राहत सेवा

वितरणमुखी सेवा सुविधा प्रदान गर्न जनकल्याणकारी राहत तथा सेवाहरू प्रदान गरिनुपर्दछ । एक वडामा १० वटासम्म एकाइ संरचनाहरू निर्माण गर्ने बहुउद्देश्यीय एकाइ व्यावसायिक केन्द्र स्थापना गर्ने, कृषि उत्पादनका लागि कृषियोग्य जग्गा जमिन उपलब्ध गराउने, देशको राष्ट्रिय अनुदान वितरण आर्थिक उपार्जनका लागि स्थापित भएका सामुदायिक व्यावसायिक एकाइहरूलाई प्रदान गर्ने, सिँचाइ सुविधा प्रदान गर्ने, आवश्यक औषधि तथा पशु अस्पतालको स्थापना गर्ने, मल विज, उच्च नश्ल जातिका बच्चाबछेडाहरू उपलब्ध गराउने, आवश्यक अन्य पूर्वाधारहरूको व्यवस्थापन गर्ने आदि ।

स्थानीय क्षेत्रमा प्रतिस्पर्धामक उद्योग र उत्पादनको विकास र गुणस्तरीय उत्पादनले राष्ट्रिय वा अन्तर्राष्ट्रिय मापदण्डको उत्पादित वस्तुहरूको आन्तरिक बजारहरूको स्थापना गरी आर्थिक स्रोतका सम्भावनाहरू अभिवृद्धि गरिनुपर्दछ । यस कार्यक्रमको मूल नारा 'आफ्नै समस्या आफ्नै ठाउँ, आफैं मिली आफैं सुल्झाउँ' भन्ने रहेको यसको तथ्यअनुसार आफ्नो परिश्रम, काम, कर्तव्य, सहयोग एवं सद्भावको विकास स्वदेशी वा स्थानीय उत्पादनमा प्रोत्साहन, उपभोक्ता र उपभोग्य वस्तुको आपूर्तिमा सन्तुलन, आन्तरिक स्रोत परिचालन, सामूहिक सहयोग संगठनको विकास तथा नागरिक समन्वय र सद्भावलाई जागरण स्वावलम्बी कार्यनीतिहरूको अवलम्बन गरी स्थानीय तहको समृद्धितर्फ लाग्नुपर्दछ ।

## मनन्योग्य

### विदुर नीति

(अतिथि सत्कार गर्दा मधुपर्क दिइने गरिन्छ । मधुपर्क भनेको दहीनलाई गुलियो हुने गरी मह मिसाईएको पदार्थ हो । मधुपार्क दिन योग्य ठानिएका महानुभाव ६ जना स्नातक, आचार्य, पूरोहित, राजा, जुवाई र असल एवम् प्यारो साथी हुन् । अर्घ्य पनि दिने प्रचलन छ । वेदविता ब्राह्मण आचार्य अथवा पूरोहित यो अर्घ्य योग्य छन् । श्राद्ध भन्नाले पितृकर्म एवम् मृतकको कृत्यलाई बुझ्नुपर्दछ । श्राद्धकार्यको अधिकार वेद जान्ने ब्राह्मणलाई मात्र प्राप्त भएको छ भन्ने कुराको यस श्लोकले पुष्टि गरेको छ । तसर्थ श्राद्ध आदि पितृ कार्यमा पढेदेखेको, वेद जान्ने ब्राह्मणलाई मात्र संलग्न गराउनुपर्दछ । यस श्लोकमा उल्लेखित षड्गुण गोपनियताको राजनीतिक विषयसँग सम्बन्धित छन् यी ६ वटा गुण निम्न लिखित छन् :

१ सन्धि - शत्रसँग वा छिमेकी वा अरु राष्ट्रको सरकारसँग सहयोगको निम्ति वचन लिनु-दिनुको सम्झौता गर्नु ।

२ विग्रह - शत्रु वा अरु विधर्मी, बदमास, प्रजापीडक शासन (राजा) हरूसँग टाढा रहनु वा सम्बन्धविच्छेद गर्नु ।

३ यान - शत्ररलाई आक्रमण गर्नु ।

४ आसन - उत्तेजित पार्ने खालको शत्ररको हाँक सुन्दा पनि आफ्नो पक्ष निर्वल छ भन्ने सम्झेर आफूतर्फ शक्तिसञ्चय भई सक्षम नहोउन्जेलसम्म चुपचाप बस्नु ।

५ द्वैधीभाव - दुई किसिमको मनसाय लिनु । देखावटी रूपले वैरीसँग मित्रता गर्नु, भित्री तवरले भने शत्रुता राखी आफ्नो सेनालाई दुई भागमा (टुकडीमा) विभाजन गरेर एउटालाई धावा बोल्नु वा वैरीतर्फ आक्रमण कार्य गर्नु अर्को टुकडीलाई प्रत्यक्ष अरुले देख्ने गरेर अपमानित गर्नु र गोप्य रूपले शत्रुपक्षमा मिल्न पठाउनु, आफूसँगबाट छुट्टिएर शत्रुतर्फ मिलेको यस किसिमको सेनाको टुकडीले लडाईको बेलामा शत्रुको सेनाभित्र पसेर त्यसलाई नष्ट पार्दछ ।

**क्रमशः**

## पत्र–मञ्जुषा

# भूमिसुधारमन्त्रीलाई प्रश्न

केही महिनाअघि भूमिसुधारमन्त्री शशी श्रेष्ठले सुकुम्बासीहरूलाई सरकारी जग्गाको लालपुर्जा दिइन् । मन्त्री श्रेष्ठले सरकारको सम्पत्तिको दुरूपयोग गर्दै सुकुम्बासीलाई लालपुर्जा प्रदान गरेकी थिइन् । कति सरकारी जग्गा र गुठीको जग्गा व्यक्तिको नाममा पास भएको छ, त्यसलाई सोधखोज गर्न उनी तातिनन् । बाँकी भएको सरकारी जग्गा पनि सुकुम्बासीहरूलाई लालपुर्जा दिएर सिध्याइन् । भोटका निम्ति सरकारी सम्पत्तिको दोहन गर्न पाइन्छ, मन्त्रीज्यू ?

भू-माफिया र सरकारी कर्मचारीहरूको मिलोमतोमा धेरै गुठी र सरकारी जग्गा व्यक्तिको नाममा पास भए । तर, मन्त्री श्रेष्ठले ती जग्गा खोजतलास गर्न चासो देखाइनन् । किन कि, भू-माफियाहरूले उनलाई कमिसन दिइरहेका छन् । यता, यी जग्गा खोजतलास नगरेपछि भोलिका दिनमा भोट पाउनमा सजिलो हुने भो । यसअघिकी भूमिसुधारमन्त्री पद्म अर्यालले 'सरकारी जग्गा र गुठीको जग्गा म सरकारकै ल्याउछु' भनेकी थिइन् । र, उनले कतिपय ठाउँको जग्गा फिर्ता ल्याएरै छाडिन् । प्रधानमन्त्रीनिवास बनेको वालुवाटारकै जग्गासमेत व्यक्तिको नाममा गइसकेको छ । अरू ठाउँको जग्गा के बाँकी रहला ?

आएको यत्रो महिना बितिसक्दा पनि मन्त्री श्रेष्ठले सरकारी जग्गा फिर्ता ल्याउन कुनै चासो देखाएको पाइँदैन । पहल गर्नु त अकल्पनीय विषय भइ नै हाल्यो । एउटा कार्यक्रममा प्रधानमन्त्री शेरबहादुर देउवाले सरकारी जग्गा र गुठीको जग्गा सबै भू-माफियाले लगेको औंल्याए । तर, त्यसपछिको वक्तव्य राख्न देउवा डराए । हिम्मत र आँट भएको प्रधानमन्त्री भएको भए ती जग्गा म फिर्ता ल्याउँछु भन्थे । भूमिसुधारमन्त्री श्रेष्ठलाई जग्गा दलालीबाहेक अरु सायदै कसैले चिन्छ होला । काम नगर्ने मन्त्रीलाई कसले चिन्छ ? तर, आफू चिनिनका निम्ति उनले बेलाबेलामा पत्रकार सम्मेलन भने गर्ने गरेकी छन् । आफूलाई चिनाउनका लागि उनलाई पत्रकार सम्मेलनकै आवश्यकता पर्ने रहेछ, भन्ने कुरा धेरैले बुझिसकेका छन् ।

२०७४ सालमा भूमि सुधार मन्त्रालयले खेतीयोग्य जमिनमा घर बनाउन नदिने र प्लानिङ गर्न रोक लगाउने भनेर मन्त्रीस्तरीय निर्णय गरेको थियो । यो निर्णय राष्ट्र र जनता दुवैको हितमा थियो । खाद्यान्न संकट रोक्ने एकमात्र उत्तम उपाय यही नै हो । त्यसैगरी, भूमिसुधारमन्त्री अर्याल हुँदा जग्गालाई १० वर्गमा वर्गीकरण गर्ने भनिएको थियो । २०७५ पुस २७ गते दुईवटै सदनबाट यो निर्णय पास भयो । यो निर्णय राजपत्रमासमेत निस्किसकेको छ । यता, सरकारी र गुठीको जग्गा खोजतलास गर्न मन्त्री अर्यालले कमिटीसमेत गठन गरेकी थिइन् । उनले जे भए पनि पहल त गरिन् ।

तर, अहिलेकी भूमिसुधार मन्त्री श्रेष्ठले न गुठी र सरकारी जग्गा खोजतलास गर्न सकिन् । न उनीबाट खेतीयोग्य जमिनमा प्लानिङ र घर बनाउने काम रोक्न कुनै पहल भयो । बरु, भू-माफियासंग आर्थिक लेनदेन गरिन् । खेतीयोग्य जमिनमा भू-माफियाहरूले भकाभक डोजर चलाइरहेका छन् । डाँडाकाडा प्लानिङ गरेर सिध्याइसक्यो । खेतीयोग्य जमिनमा जथाभावी घर र बाटो बनाउन दिदा खाद्य संकट देखिन थालिसकेको छ । छिमेकी मुलुकले खाद्यान्न पठाएन भने नेपालीहरू भोकै मर्ने अवस्था सिर्जना भइसकेको छ । एक बोरा चामलमा ३०० रूपैयाँसम्म बढाइएको छ । दैनिक उपभोग्य वस्तुहरूको मूल्य दिनानुदिन बढ्दो छ । यसतर्फ सरोकारवाला सबैको तत्काल ध्यान जाओस् ।

अनुसा थापा, भक्तपुर

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# उम्मेदवार र गठबन्धनको तालमेल नहुँदा तोडफोड

■ प्रभाव संवाददाता

**पोखरा–** पोखरा महानगरपालिकामा बागी उम्मेदवार र गठबन्धनको तालमेलबारे सहमति नहुँदा बिहीबार विभिन्न ठाउँमा तोडफोड भएको छ । सत्ता गठबन्धनले स्पष्ट नीति नलिँदा स्थानीय नेता-कार्यकर्ताले आफ्नो अडान राख्दा समस्या सिर्जना भएको हो ।

महानगरमा बागी उम्मेदवार र वडामा गठबन्धनको तालमेलबारे भागबन्डा हुदाँ पोखरा महानगरपालिकाको प्रमुख नेकपा (एकीकृत समाजवादी)ले पाएको छ भने अरु सबै ३३ वटै वडा अध्यक्षमा कांग्रेसले उम्मेदवारी दिएको छ ।

केन्द्रको निर्देशनमा भने ३ वटा वडा माओवादी केन्द्रलाई दिने तयारी भएपछि कार्यकर्ताले यसको विरोध गरेका छन् । केन्द्रले तालमेलका लागि निर्देशन दिएको छ भने सोही निर्देशनअनुसार जान माओवादीले माग गर्दा कांग्रेस कार्यकर्ता आक्रोशित बनेर तोडफोडमा उत्रिएका हुन् ।

कांग्रेसले पोखरा महानगरका वडामा तालमेल गर्न नसक्ने भनेपछि माओवादीले असन्तुष्टि जनाएको छ । वडा नम्बर १८, २२ र २४ माओवादी केन्द्रले माग गरेपछि कांग्रेसका कार्यकर्ता आक्रोशित भएका हुन् ।

कांग्रेसका कार्यकर्ता आक्रोशित भए पछि माओवादीका कार्यकर्ताले भने आफुहरू अन्यायमा परेको जनाएको छ । गठबन्धनमा सिट तालमेल गर्दा आफ्नो भागमा आएको सिट पनि नपाउँदा उनीहरू अन्यायमा परेको जनाएका छन् ।

पोखरा महानगरको प्रमुख र उपप्रमुख एकीकृत समाजवादी र कांग्रेसले राखेको तथा सम्पूर्ण वडामा कांग्रेसले एकलौटी उम्मेदवार उठाएको भन्दै केही वडा माओवादीले मागेको हो । तर, कांग्रेसले महानगरकै प्रमुख एकीकृत समाजवादीलाई सुम्पिएका कारण वडामा आफ्ना उम्मेदवार उठाएको बताएको छ ।

चुनावको मुखैमा कांग्रेस र माओवादीका कार्यकर्ता आ-आफ्ना मागमा अडान राख्दै नाराबाजी, झडप र तालाबन्दीमा उत्रिएका छन् ।

# सर्लाहीका १७ उम्मेदवारविरुद्ध उजुरी

**सर्लाही–** सर्लाहीका विभिन्न स्थानीय निकायका १७ उम्मेदवारविरुद्ध उजुरी परेको छ । सबैभन्दा धेरै जिल्लाको बसबरिया गाउँपालिकामा उम्मेदवारी दिएका सातविरुद्ध उजुरी परेको हो ।

बाग्मती नगरपालिकामा चार उम्मेदवारविरुद्ध उजुरी परेको मुख्य निर्वाचन अधिकृत ध्रुबकुमार पियाले जानकारी दिए । बलरामा दुई तथा लालबन्दी, कविलासी, रामनगर र ब्रम्हपुरीमा एक-एक उजुरी दर्ता भएका छन् । ती उजुरीमाथि विहिबार साँझसम्म छानबिन गर्ने र दोषी प्रमाणित भए उम्मेदवारी रद्ध गरिने पियाले जानकारी दिए ।

बलराको प्रमुखका उम्मेदवार अभयकुमार सिंह र बाग्मती नगरका प्रमुखका उम्मेदवार भरतकुमार थापाविरुद्ध उजुरी परेको हो । अन्य पालिकामा पनि विभिन्न उम्मेदवारविरुद्ध उजुरी परेको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

थापाविरुद्ध प्रहरीको कार्वाहीमा मारिएका कुमार पौडेलका बुबा खिलकराज पौडेलले उजुरी दिएका हुन् ।

पौडेल घटनामा मृतकका बुबाले दिएको किटानी जाहेरीमा थापाको नामसमेत भएको र सर्वोच्च अदालतले पनि छानविन गर्न आदेश दिएको उल्लेख गरिएको छ ।

त्यस्तै सिंहविरुद्ध बेरुजु तिर्नुपर्ने र पेश्की फछ्र्यौट गर्नुपर्ने भन्दै उजुरी परेको हो ।

महालेखा परीक्षकको कार्यालयको २०७८ को वार्षिक प्रतिवेदनमा बलरा नगरको लेखापरीक्षण प्रतिवेदन अनुसार ११ करोड ८० लाख १८ हजार बेरुजु देखिएको र पाँच करोड ३६ लाख ८४ हजार असुल नै गर्नुपर्ने उल्लेख गरिएको छ । सिंह र अर्का एकजना वडाध्यक्ष विरुद्ध उजुरी परेको बलराका निर्वाचन अधिकृत रंजितकुमार यादवले जानकारी दिए ।

वैशाख ३० मा हुने स्थानीय निकायको निर्वाचनका लागि उम्मेदवारी दिएका उम्मेदवारको विरुद्धमा बैशाख १४ मा दावी विरोधको उजुरी गर्ने समय दिइएको थियो ।

नेपाल सरकार, प्रदेश सरकार तथा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल रहेको उम्मेदवारमाथि उजुरी दिन सकिन्छ ।

यस्तै भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागुऔषध विक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरणसम्बन्धी कसूर वा नैतिक पतन देखिने व्यक्ति पनि उम्मेदवार हुन पाउँदैनन् ।

जातीय भेदभाव तथा छुवाछुत, बोक्सी वा बहुविवाहसम्बन्धी कसुरमा कैदको सजाय पाइ त्यस्तो सजाय भुक्तान गरेको मितिले तीन वर्ष पूरा नभएको व्यक्तिले उम्मेदवारी दिएको भए सो उम्मेदवारी पनि रद्द हुन सक्छ । *रासस*

# लागुऔषधसहित पक्राउ

**झापा(प्रस)–** बिर्तामोड नगरपालिका-३ घर भई सोही नगरपालिका-४ सयपत्री मार्ग डेरा गरी बस्ने २६ वर्षीय प्रमोद शाहलाई २ ग्राम ३ सय मिलिग्राम अवैध लागुऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ सहित बुधबार प्रहरीले पक्राउ गरेको छ ।

बिशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय अनारमनी र अस्थायी प्रहरी पोष्ट नयाँ बसपार्कबाट खटिएको प्रहरीले शाहको कोठा तलासी गर्दा उक्त पदार्थ, नगद ११ हजार ५ सय ४० र ७ थान मोबाइल सहित फेला पारी पक्राउ गरेको हो ।

यसैगरी बिर्तामोड नगरपालिका-४ स्थित न्यू होलीडे होटलबाट ९ ग्राम अवैध लागुऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ सहित मेचीनगर नगरपालिका-१ बस्ने ३९ वर्षीय ओम चौधरीलाई बुधबार प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय अनारमनी र अस्थायी प्रहरी पोष्ट नयाँ बसपार्कबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो ।

काठमाडौं, चन्द्रागिरी नगरपालिका-२ नागढुङ्गाबाट नियन्त्रित लागुऔषध १ सय ४५ ट्याब्लेट नाईट्राभेट सहित धनुषा मिथिला नगरपालिका बस्ने २० वर्षीय शुभास कुमार महतोलाई बिहीबार प्रहरीले पक्राउ गरेको छ । काँकडभिट्टाबाट काठमाडौंतर्फ आउँदै गरेको बा.प्र. ०३- ००१ ख २१३० नम्बरको बसलाई नागढुङ्गास्थित चेक प्वाईन्टमा खटिएको प्रहरीले जाँच गर्ने क्रममा बसमा सवार उनलाई उक्त लागुऔषध सहित फेला पारी पक्राउ गरेको हो । सिरहा, लहान नगरपालिका-३ अस्पताल चोकबाट नियन्त्रित लागुऔषध नुर्फिन ३७ एम्पुल, फेनारगन ३७ एम्पुल र डाईजेपाम ३७ एम्पुल सहित खोटाङ रूपाकोट मझुवागढी नगरपालिका-१४ वुईपा बस्ने २५ वर्षीय मिलन राईलाई प्रहरीले पक्राउ गरेको छ ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL ALAMAYYA AL HANDASUYYAH PLASTIC PRODUCTION

पूर्व स्वीकृति मिति २०७९/०१/१५ | LT. No. 262439 | चलानी नं. ६०१७८६८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Normal Factor | 8 | 0 | 1000 | ३२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालयमा काठमाडौंमा बैशाख २३ गते (6th May 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL Govt. License No. 1352/074/075

**Omega International Pvt. Ltd.**

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-1-4465367, 4465368
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : UNIQUE CLEANING CO. FOR CLEANING & MAINTENANCE ONE PERSON CO

पूर्व स्वीकृति मिति :२०७९/०१/१५ | LT No.262499 | चलानी नं.६०१७८६७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Window Cleaner | 5 | 0 | 1200 | ३९,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा बैशाख २३ गते (6th May. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

TARGET श्रम ईजाजत नं.८३३/०६६/०६७

**Target Consultant Human Resources Pvt. Ltd.**

Sinamangal-9, Shanbhu Marga, Kathmandu, Nepal. Tel: +977-01-4478737,4464082
FAX:+977-01-4464082, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : LULU GROUP RETAIL SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/०१/१४ | LT. No. 261897 | चलानी नं.६०१७८६५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Retail Wholesale Shop Worker | 25 | 0 | 1200 | ३३,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः म्यानवापर कम्पनी काठमाडौं मिति : बैशाख २३ गते (6th May. 2022) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. २३५/०५८/०५९

**JOB SEEKER MANPOWER Pvt. Ltd.**

Gongabu-9, Kathmandu, Nepal. E-mail : info@jobseekermanpower.com.np
Tel : +977-4390133,4355356, 4355356, Mobile No.: 9804124208
Website :www.jobseekermanpower.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी :PCG SOON LEE FURNITURE SND. BHD.

पूर्व स्वीकृति मिति २०७६/११/०५ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०१/१५ | LT. No. 233200 | चलानी नं. ६०१५१८६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Workers | 25 | 0 | 1200 | ३३,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिः बैशाख २३ गते (6th May. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

S.N. RECRUITING SERVICE PVT.LTD. Govt. License 1284/074/75

**S.N. Recruiting Service Pvt Ltd**

Nagarjun-2, Kathmandu, Nepal Tel: 014890823, 9851123476
E-mail : snrecruitingnepal@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TAIF ABDULLAH QATEEM AL OTAIBI CORPORATION FOR OPERATION ND MAINTENANCE

पूर्व स्वीकृति मिति : २०७९/०१/१४ | LT. No.: 262397 | चलानी नं. ६०१७८६३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 50 | 0 | 1000 | ५८,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा बैशाख २३ गते (6th May 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्योहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्योहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रू.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने :** निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al-Hera Overseas Pvt. Ltd.**

Tilganga, Ktm, Nepal, Tel: +977-1-4465886, 4465902, Fax :+977-1-4460601
E-mail: alheraoverseas@ntc.net.np, jaynulrain8@gmail.com,
khatunrain78692@gmail.com, Website :www.al-heraoverseas.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHEERA LATEEN CONFECTIONERIES AND TRADITIONAL SWEETS COMPANY LLC

पूर्व स्वीकृति मिति : २०७९/०१/०६ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०१/१५ | LT No : 261841 | चलानी नं.६०१७८११८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sales Executive | 0 | 6 | 1500 | ५०,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा बैशाख १६ गते (29th May 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Al-Farooque Overseas Pvt.Ltd. श्रम ईजाजत नं. १२६०/०७४/७५

**Alfarooque Overseas Pvt .Ltd.**

Basundhara, (Infront of police station), Kathamandu, Nepal
Phone No: 01- 4361373 Mobile : 9843653970, 9851279430, 9848874477,
9846071775, 9818160365 E-mail.: Farukkhan650@gmail.com, www.alfarooqueoverseas.com

## मलेसिया/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी SHIFTY MALAYSIA SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०१/१५ | LT. No. 262458 | चलानी नं. ६०१७८६९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | 1200 | ४०,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ALTHAWAQH FOOD COMPANY LTD.

पूर्व स्वीकृति मिति २०७९/०१/१५ | LT. No. 262351 | चलानी नं. ६०१७८६९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Worker | 20 | 0 | 1000 | ३२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिः बैशाख २३ गते (6th May.2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

PALIV INTERNATIONAL PVT.LTD श्रम ईजाजत नं. ११६४/०७३/०७४

**Paliv International Pvt. Ltd.**

G.P.O Box 19936, Kathmandu Metropolitan City-4, Chapalkarkhana, Kathmandu, Nepal
Tel : +977-1-4418268, 4418716 Mob No. 9801070598 Fax : +977-1-4420616
E-mail : info@palivinternational.com, palivinternational74@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी :FU YUN FRUITS TRADING SND BHD

पूर्व स्वीकृति मिति : २०७६/१२/०३ | पून : विज्ञापन स्वीकृति मितिः २०७९/०१/१५ | LT. No. 233056 | चलानी नं.६०१५३४९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 25 | 0 | 1200 | ३३,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी :PURE STAR SYNERGY SDN BHD

पूर्व स्वीकृति मिति : २०७६/११/२३ | पून : विज्ञापन स्वीकृति मितिः २०७९/०१/१५ | LT. No. 234097 | चलानी नं.६०१५३१८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 50 | 0 | 1200 | ३३,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा बैशाख २३ गते (6th May 2022)मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्योहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्योहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रू.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने :** निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Meridian Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. ६१३/०६२/०६३

Bashundhara, Kathmandu, Nepal. Tel. : +977-1-4390463,4390464, Fax No: +977-1-4390465

## म्याडोना–अहलामालिकको ‘ब्रेकअप’

अमेरिकाकी गायिका म्याडोना र उनको प्रेमी विलियम्सले तीन वर्ष लामो प्रेम सम्बन्धलाई पूर्णविराम लगाएका छन् । ६३ वषीया म्याडोना आफ्नो व्यस्त कार्यतालिकाको बीच उनको २८ वषीय प्रेमी अहलामालिकसँग छुट्टिएकी छन् । सन् २०१५ मा उनीहरूबीच पहिलो भेट भएको थियो भने २०१९ मा यो जोडीको प्रेम सम्बन्ध सुरु भएको थियो ।





# आजदेखि ‘मन्त्र’को देशव्यापी प्रदर्शन




■ प्रभाव संवाददाता

**काठमाडौं–** सौगात मल्ल, बुद्धि तामाङ र दीया पुनलगायत कलाकारको अभिनय रहेको चलचित्र ‘मन्त्र’ आजदेखि देशव्यापी प्रदर्शनमा आउने भएको छ । उक्त चलचित्रको बुधबार साँझ राजधानीको बिग मुभिजमा ‘ग्राण्ड प्रिमियर’ गरिएको थियो ।

प्रिमियरमा पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईदेखि सिनेमा क्षेत्रका चर्चित अनुहारहरूको उपस्थिति थियो । अभिनेता दीपकराज गिरी, अभिनेत्री एवं निर्देशक दीपाश्री निरौला, अभिनेता एवं निर्देशक निश्चल बस्नेत, अभिनेता वीपिन कार्की, कलाकार एवं निर्देशक नरेश पौडचाल, गायक युवराज चौलागाईं, मोडल निराजन प्रधानलगायतको उपस्थिति थियो ।

करिब पाँच हजार १०० मिटरभन्दा माथिको उचाईमा रहेको मनास्लु हिमालको बेसक्याम्प क्षेत्रमा छायांकन गरिएको यस सिनेमा हिमाली प्रेमकथामा आधारित रहेको बताइएको छ । ‘मन्त्र’ को प्रेमियर हेरिसकेपछि अभिनेता गिरीले सिनेमाको छायांकनस्थलले सबैभन्दा बढी लोभ्याउने बताए । ‘सिनेमा जुन ठाउँमा छायांकन गरिएको छ, त्यो छायांकनस्थलले सबैभन्दा बढी लोभ्याउँछ । सिनेमामा हामी हिमाललाई क्लोजसँग हेर्न पाउँछौं,’ उनले भने । उनले ‘मन्त्र’मा फरक खालको लभस्टोरी पाइएको बताउँदै सिनेमामा बोनसका रूपमा कमेडीसँगै हिमालका दृश्यहरू, ब्याकग्राउण्ड स्टोरी रहेको प्रतिक्रिया दिए ।

खिलबहादुर गुरुङको निर्देशनमा तयार भएको सिनेमा ‘मन्त्र’मा नमिता तामाङ, पासाङ टी शेर्पा र वीरबहादुर लामालगायतको पनि अभिनय रहेको छ । सुरेश कार्की, रविराज कार्की र सुभ श्रेष्ठ निर्माता रहेको चलचित्रको कार्यकारी निर्माता देवेन्द्र मानन्धर हुन् । परिक्षेद सेनको कथा रहेको चलचित्रमा साम्तेन भुटिया, सुनिल निउरे र सेन स्वयंको पटकथा, सञ्जय लामाको छायांकन एवं मित्र डी गुरुङको सम्पादन छ । सिनेमाको काठमाडौंबाहिर एफडी कम्पनी र उपत्यकामा काफिया फिल्मस्ले वितरणको जिम्मा लिएका छन् ।

# उत्कृष्ट व्यापार गर्दै ‘केजिएफ च्याप्टर टु’



**एजेन्सी–** रिलिजअघि नै धेरै चर्चा र प्रतीक्षा गरिएको फिल्म हो, केजिएफ च्याप्टर टु । एक हप्ताअघि रिलिज भएको केजिएफले उत्कृष्ट ओपनिङ गरेको थियो । फिल्मले २०० करोड भारतीय रूपैयाँ (भारु) बराबरको व्यापार पहिलो हप्तामा नै गरेको थियो ।

दोस्रो हप्तामा चलिरहँदा यस फिल्मले ३०० करोड भारूको व्यापार गरेको छ । बक्स अफिसको रिपोर्टअनुसार फिल्मले पहिले रिलिज भइसकेका हिन्दी डब फिल्म आरआरआर, साहो, पुष्प, बहुबलीजस्ता उत्कृष्ट फिल्मलाई कमाइको हिसाबले पछि पारिसकेको छ । अहिले धेरै व्यापार गर्ने फिल्ममा केजिएफ दोस्रो स्थानमा छ । पहिलो स्थानमा बहुबली-२ रहेको छ ।

सिनेमा हलहरूमा केजिएफको प्रदर्शन जारी नै छ । नयाँ फिल्म ‘जर्सी’ रिलिज भएसँगै केजिएफलाई असर पर्ने अनुमान गरिएता पनि फिल्मको व्यापारमा खासै असर नगरेको निर्माणपक्षले जनाएको छ । केजिएफ च्याप्टर-२ को व्यापार दोस्रो हप्तामा पनि स्थिर रहने र ३५० करोड भारुको नजिकसम्म पुग्नसक्ने अनुमान गरिएको छ ।

# ओस्करपछि पहिलोपटक देखिए अभिनेता विल



**एजेन्सी–** अभिनेता विल स्मिथ ९४औं संस्करणको ओस्कार अवार्ड समारोहको अप्रिय घटनापछि पहिलोपटक सार्वजनिक रूपमा देखिएका छन् । हालै भारत भ्रमणमा आएका उनी सार्वजनिक रूपमा देखिएका हुन् ।

उनको भारत भ्रमण योग, ध्यान र आध्यात्मिक कार्यमा केन्द्रित रहेको बताइएको छ । उनको भ्रमणलाई लिएर सामाजिक सञ्जालमा निकै आलोचना भइरहेको छ । विलको यस भ्रमणलाई निन्दनीय र हास्यास्पद रहेको धेरैले टिप्पणी गरेका छन् ।

विलले ९४औं ओस्कार अवार्ड समारोहमा क्रिसलाई स्टेजमै गएर थप्पड लगाएका थिए । कमेडियन क्रिसले विलकी पत्नी अभिनेत्री जेडा पिन्केट स्मिथलाई लिएर मजाक गरेपछि विल क्रिसलाई थप्पड लगाउन स्टेजमै पुगेका थिए । उक्त घटनापछि शारीरिक आक्रमण गरेको अभियोगमा विललाई ओस्कर एकेडेमीले १० वर्षका लागि प्रतिबन्ध लगाएको छ । सोही अवार्डमा विलले ‘किंग रिचर्ड’ का लागि उत्कृष्ट अभिनेताको अवार्ड जितेका थिए । क्रिस स्टयान्ड अप कमेडियन हुन् ।



# बेन स्टोक्स इंग्ल्याण्डको टेस्ट कप्तान



■ प्रभाव संवाददाता

